**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भक्तपुर-९, फोन नं. ६६१४६८६

**वाक्कला तालिमसम्बन्धी सूचना**

**तालिम कार्यक्रम**
**तालिम सुरु मिति** : २०८३ जेठ १२ गतेदेखि ८ दिन
**समय** : बेलुकी ५ बजे
**स्थान** : सहकारी भवन
**सहभागी शुल्क** : १०००।- (प्रतिव्यक्ति)
**सहभागी सङ्ख्या** : १५ जना
**अन्तिम दर्ता मिति** : २०८३ जेठ १० गतेसम्म
**नोट:- ' First Basis'का आधारमा तालिममा सहभागी गराइनेछ ।**
**आयोजक**
**सूचना तथा प्रकाशन उपसमिति**



★ वर्ष : २८ ★ अङ्क : ११५ ★ ने. सं. ११४६ अनाला थ्व, द्वितीया ★ सोमबार ★ ४ जेठ, २०८३ ★ May 18, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# अन्धविश्वास होइन, विज्ञानसम्मत विचार राख्नु आवश्यक



भक्तपुर, ३ जेठ । भक्तपुर नगरपालिका वडा नं. १ द्वारा सञ्चालन गरिएको दसदिने नि:शुल्क उद्घोषण ( एमसी) तालिम शनिबार सम्पन्न भयो । युवाहरूको सार्वजनिक बोल्ने कला, मञ्च सञ्चालन क्षमता, आत्मविश्वास तथा सञ्चार दक्षता अभिवृद्धि गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको हो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले उद्घोषण आकर्षक बनाउन उद्घोषकले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषय जानकारीमा राख्नुपर्ने आवश्यकता औंल्याउँदै उद्घोषकको शब्द भण्डार पर्याप्त र भाषा शुद्ध हुनु जरुरी छ भन्नुभयो ।

उहाँले उद्घोषकले अन्धविश्वास होइन, विज्ञानसम्मत विचार राख्नु आवश्यक भएको उल्लेख गर्दै नयाँ पुस्ताले कार्यक्रममा सहभागी हुनेहरूको मनोविज्ञान र पेसाअनुसार उद्घोषण गर्नु उपयुक्त हुन्छ भन्नुभयो ।

नेपालमा मतपत्र नचाहिने विद्युतीय मतदान र विदेशबाट र देशभित्रैबाट मतदानको चर्चा चलिरहेको विचार व्यक्त गर्दै उहाँले संरा अमेरिका र भारतमा यी दुवै प्रकारको मतदानमा धाँधली भएको पनि सार्वजनिक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नयाँ पुस्ताले यी विषय पनि जानकारीमा राख्नु जरुरी हुन्छ ।"

कार्यक्रममा कृष्णबहादुर दुगुजुले तालिमले युवाहरूको व्यक्तित्व विकास, नेतृत्व क्षमता तथा आत्मविश्वास अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति तथा भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नगरपालिकाले स्थानीय नागरिकको आवश्यकता र युवा पुस्ताको रुचिअनुसार विभिन्न सीपमूलक, व्यक्तित्व विकास तथा व्यवसायिक तालिमहरू सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । उहाँले नगरपालिकाले शिक्षा, स्वास्थ्य, संस्कृति, खेलकुद, कला तथा सञ्चार क्षेत्रसँग सम्बन्धित विविध कार्यक्रममार्फत स्थानीयवासीलाई प्रत्यक्ष लाभ पुऱ्याउँदै आएको उल्लेख गर्नुभयो ।

उहाँले युवाहरूलाई सकारात्मक तथा सिर्जनशील गतिविधिमा जोड्न नगरपालिकाले समयानुकूल कार्यक्रम सञ्चालन गरिरहेको बताउँदै उद्घोषण तालिम पनि त्यसैको एक महत्त्वपूर्ण उदाहरण भएको धारणा व्यक्त गर्नुभयो । "युवाहरूको रुचि र आवश्यकतालाई मध्यनजर गर्दै यस्ता कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ," उहाँले बताउनुभयो ।

तालिममा रेडियो कान्तिपुरका सञ्चारकर्मी तथा कार्यक्रम प्रस्तोता

***बाँकी पृष्ठ ३ मा***

# विद्यालय सभ्यता र संस्कार सिकाउने थलो हुनुपर्ने




भक्तपुर, ३ जेठ । बाल विकास सेकेन्डरी स्कूलबाट एसईई परीक्षा २०८२ मा उत्तीर्ण विद्यार्थीहरूलाई बधाई तथा बिदाइ कार्यक्रम शनिबार होटेल चौतारी नगरकोटमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले विद्यालयहरू नयाँ पुस्तालाई ज्ञानविज्ञानका साथै सभ्यता र संस्कार सिकाउने थलो बन्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले पुँजीवादी व्यवस्थामा कतिपय ठुला भनिएका विद्यालयले विद्यार्थीलाई उच्छृङ्खलता र छाडापनमा रमाउन सिकाएको भन्दै बालबालिकालाई त्यसबाट टाढा राख्नुपर्ने कुरामा जोड दिनुभयो ।

उहाँले जीवनमा आफूलाई सहयोग गर्ने अग्रजहरूप्रति कृतज्ञ बन्न नसक्ने मानिस पछि गएर पश्चातापमा पर्ने बताउनुभयो ।

अहिले देशलाई साँच्चै माया गर्ने शिक्षक, राजनीतिज्ञ, समाजसेवी, लेखक, विचार आवश्यक रहेको बताउँदै उहाँले यस्ता कुरा सिक्न नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) जस्ता उदाहरणीय व्यक्तित्वको जीवनी पढ्नुपर्ने बताउनुभयो ।

उहाँले किताबले मात्र सबै कुराको ज्ञान दिन नसक्ने भएकोले समय, समाज, परिस्थिति र इतिहासबाट सिक्न र जुन पेसा वा विषय रोजे पनि त्यसमा राम्रो बन्छु भन्ने भावना मनमा राख्न विद्यार्थीहरूलाई सल्लाह दिनुभयो ।

आफूले पढेको विद्यालय, गुरुजन, समाज तथा आफू जन्मेको माटोलाई नबिर्सन उहाँले विद्यार्थीहरूलाई आग्रह गर्नुभयो ।

उक्त अवसरमा वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले व्यक्तिले राजनीतिलाई छोडे पनि राजनीतिले व्यक्तिलाई नछोड्ने भएकोले जुन पेसामा लागे पनि समाजका खराबीप्रति खबरदारी गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले राज्य शिक्षा, स्वास्थ्यजस्ता विषयप्रति उदासीन रहेको अवस्थामा पनि बाल विकासजस्तो गुठीबाट सञ्चालित गैरनाफामूलक विद्यालयले केही आशा जगाएकोमा खुसी व्यक्त गर्नुभयो ।

उहाँले आ-आफ्नो क्षेत्रमा असल र योग्य बनी समाज र देशको सेवा गर्न

***बाँकी पृष्ठ ३ मा***


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**दाफा प्रदर्शनीबारे भक्तपुर नगरपालिकाको सूचना**

भक्तपुरको कला, संस्कृति र सम्पदा संरक्षण गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले **भक्तपुर नगरव्यापी दाफा प्रदर्शनी** हुने भएकोले निर्धारित मितिभित्र दर्ता गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**दर्ता गर्ने अन्तिम मिति** : २०८३ जेठ १० गते
**समय** : कार्यालय समयावधिमा
**दर्ता गर्ने स्थान** : भक्तपुर नगरपालिका प्रशासन शाखा, ब्यासी
: भक्तपुर नगरपालिकाका वडा कार्यालयहरू
: जनज्योति पुस्तकालय, इताछेँ, न:पुखु
**दर्ता शुल्क** : रू.१००।– प्रतिसमूह

**दाफा प्रदर्शनीसम्बन्धी नियमहरू** :
१) एउटा समूहमा वाद्यवादन र गायनसमेत गरी बढीमा १६ जना कलाकारहरू सहभागी हुन सक्नेछन् । एउटै कलाकार एकभन्दा बढी समूहमा सहभागी हुन पाइने छैन ।
२) वाद्यवादनमा लालाखीं, झ्यालिंचा र तँ अनिवार्य हुनुपर्नेछ भने संगती बाजाको रूपमा पोङा, नौ बाजालगायतका बाजाहरू समावेश गर्न सकिनेछ ।
३) प्रत्येक समूहलाई राग बढीमा ३ मिनेटसम्मको हुने गरी जम्मा १२ मिनेट समय प्रदान गरिनेछ ।
४) सहभागी दाफा समूहले तल उल्लेखित दाफा गीतमध्ये कुनै एक छनोट गरी फाराममा उल्लेख गर्नुपर्नेछ ।
क) हाय् हाय् राम राम (रणजीत मल्लको रचना)
ख) पचली भैरव
ग) करूणामय
घ) हाय् हाय् बालख
ङ) गोरा अर्थात् गोला (साची)
च) निदान (एकनाल)
छ) नास:द्यो
ज) राम नाम (चाली)
झ) मनकामना
५) सहभागी समूहका सदस्यहरूको पोशाकको एकरूपता र मञ्चमा प्रस्तुतीकरणको शैलीलाई विशेष ध्यान दिइनेछ । समूहमा महिलाको उपस्थितिलाई उत्साहित गरिनेछ ।
६) दाफा प्रदर्शनीमा प्रस्तुतिको क्रम गोला प्रथाबाट निर्धारित गरिनेछ । प्रथम प्रस्तुति गर्ने समूहले द्यो ल्हाय् गर्नुपर्नेछ भने अन्तिम समूहले आरती पनि दिनुपर्नेछ ।
७) दाफा प्रदर्शनीमा सहभागीमध्ये उत्कृष्ट ५ वटा समूहलाई विशेष प्रोत्साहन गरिनेछ ।


# जलवायु परिवर्तनका कारण विश्वका नदीहरूमा अक्सिजन तीव्र रूपमा घट्दै : अध्ययन

पेइचिङ, ३ जेठ (सिन्ह्वा) । नयाँ अध्ययनले जलवायु परिवर्तनका कारण विश्वभरका नदीहरूमा अक्सिजनको मात्रा निरन्तर घटिरहेको देखाएको छ, जसले ताजा पानीका लागि गम्भीर जोखिम सिर्जना गरेको छ ।

यो अध्ययन 'साइन्स एडभान्सेस' नामक वैज्ञानिक जर्नलमा प्रकाशित भएको हो । अनुसन्धान चिनियाँ विज्ञान प्रतिष्ठानअन्तर्गत नान्जिङ भूगोल तथा लिम्नोलोजी संस्थानका अनुसन्धानकर्ताहरूको नेतृत्वमा गरिएको हो ।

अनुसन्धान टोलीले सन् १९८५ देखि २०२३ सम्मको करिब ४० वर्षको तथ्याङ्क विश्लेषण गरेको थियो । अध्ययनमा विश्वभरका २१ हजारभन्दा बढी नदी खण्डहरूको अक्सिजन स्तर मापन गर्न उन्नत कम्प्युटर आधारित विश्लेषण विधि प्रयोग गरिएको थियो ।

अध्ययनअनुसार नदीहरूमा अक्सिजनको मात्रा औसतमा प्रतिदशक ०.०४५ मिलिग्राम प्रतिलिटरका दरले घटिरहेको छ । अध्ययन गरिएका करिब ८० प्रतिशत नदीहरूमा अक्सिजन कमी देखिएको छ ।

विशेषगरी उष्णकटिबन्धीय क्षेत्रका नदीहरू सबैभन्दा बढी प्रभावित भएका छन् । यसअघि उच्च अक्षांशका क्षेत्रहरू बढी प्रभावित हुने अनुमान गरिएको भए पनि अध्ययनले उष्णकटिबन्धीय नदीहरू पहिले नै कम अक्सिजनयुक्त भएकाले अझ छिटो अक्सिजन गुमाइरहेको देखाएको छ ।

यसले अत्यन्त कम अक्सिजन हुने अवस्था निम्त्याउन सक्छ, जसका कारण माछा तथा अन्य जलचर प्राणीहरूको मृत्यु हुन सक्छ ।

अनुसन्धानकर्ताहरूका अनुसार पानीमा अक्सिजन घुल्ने क्षमता घट्नु नै मुख्य कारण हो, जसले कुल अक्सिजन ह्रासको करिब ६३ प्रतिशत हिस्सा ओगटेको छ । तातोपानीले चिसो पानीको तुलनामा कम अक्सिजन धारण गर्न सक्छ ।

त्यस्तै, तापक्रम, प्रकाश र पानीको बहावसँग सम्बन्धित प्रक्रियाहरूमा

***बाँकी पृष्ठ २ मा***



**धान रोप्न व्यस्त किसान**

काभ्रेपलाञ्चोकको पनौती नगरपालिका वडा नं ९ भण्डारीगाउँ नजिकैको खेतमा धान रोप्दै किसान । *तस्बिरः पेमा लामा/रासस*

# भक्तपुर साकोसमा शिक्षा शिविर




भक्तपुर, ३ जेठ। भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.को शिक्षा उपसमितिको आयोजनामा संस्थाका शेयर सदस्यहरूलाई सहकारीका सिद्धान्त, नीति नियम र वित्तीय साक्षरताबारे सुसूचित गर्ने उद्देश्यले शिक्षा शिविर कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष निर्मल प्रजापतिले सहकारी बचत र ऋण कारोबार मात्र नभएर समुदायको आर्थिक र सामाजिक रूपान्तरणको बलियो माध्यम रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "स्वनियम र स्वायत्ततामा संस्थाको नीति र विनियममा सञ्चालित सहकारीहरूलाई वर्तमान समयमा सहकारीमा आएको समस्या समाधानका लागि सरकारले जारी गरेको निर्देशन तथा मापदण्डले सहकारी व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि मार्गनिर्देशन दिनुका साथै संस्था सञ्चालन गर्न चुनौती पनि रहेको अवस्था छ ।"

उहाँले सोही नियमानुसार संस्था सञ्चालन गर्न सहकारीको कार्य प्रणालीलाई नै परिमार्जन गरी सहकारी क्षेत्रलाई सुरक्षित र मर्यादित बनाउन संस्थाले आफ्नो वित्तीय कारोबारहरू पारदर्शी राख्नुपर्ने, सदस्यहरूको बचतको सुरक्षा गर्दै सही नीति र विधिमा संस्था चलाउनुपर्ने, जथाभावी लगानी नगरी संस्थागत सुशासन कायम राख्नु सहकारीको मुख्य जिम्मेवारी हुने बताउनुभयो ।

कार्यक्रमका सभापति, संस्थाका उपाध्यक्ष तथा शिक्षा उपसमितिका संयोजक लक्ष्मीप्रसाद कुसीले धेरैजसो सहकारीहरू सङ्कटमा पर्नुको मुख्य कारण संस्थाले बनाएको विनियम, आन्तरिक कार्यविधि र सहकारी ऐन नियमहरूलाई बेवास्ता गरी व्यक्तिगत स्वार्थ वा सञ्चालकहरूको मनोमानी ढङ्गले संस्था सञ्चालन गर्नु प्रमुख कारण रहेको बताउनुभयो ।

समुदायमा आधारित सहकारी संस्थाले सदैव सदस्यहरूको हितको लागि कार्य गर्ने, उचित प्रतिफल प्रदान गर्ने, सदस्यहरूलाई वित्तीय साक्षर बनाउने, सदस्यलाई आत्मनिर्भर बनाउन विभिन्न किसिममा तालिमहरू निरन्तर गर्दै जाने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो ।

संस्थाका व्यवस्थापक सत्यनारायण साँयजूले संस्थाको वित्तीय अवस्था र हाल सञ्चालन गर्दै आएका विभिन्न गतिविधिहरूबारे विस्तृत जानकारी गराउनुभयो । शिक्षा उपसमितिका सदस्य रामदेवी मानन्धरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा शिक्षा उपसमितिका अर्का सदस्य हरिराम कुसीले पनि बोल्नुभएको थियो ।

# सन्ध्याकालीन सम्पदा यात्रा सम्पन्न

भक्तपुर, ३ जेठ। भक्तपुरको कला, संस्कृति र रैथाने उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ र भक्तपुर पर्यटन विकास समितिद्वारा संयुक्त रूपमा सञ्चालित 'गो लोकल अभियान र टोस्टमास्टर्स क्लब' को संयुक्त आयोजनामा सन्ध्याकालीन सम्पदा यात्रा (Evening Heritage Walk) सम्पन्न भएको छ ।

भक्तपुर दरबार स्क्वायरबाट सुरु भएको उक्त सन्ध्याकालीन सम्पदा यात्रा प्रसिद्ध तलेजु भवानी मन्दिर, पाँचतले मन्दिरस्थित टौमढी क्षेत्र, दत्तात्रय र नवदुर्गा पीठ हुँदै अगाडि बढेको थियो । यात्राका क्रममा सहभागीहरूलाई भक्तपुरको सांस्कृतिक र ऐतिहासिक महत्वका बारेमा जानकारी गराइएको थियो ।



भक्तपुरका मठमन्दिर र ऐतिहासिक धरोहरहरू मात्र यहाँका सम्पदा होइनन्, यहाँका परम्परागत उद्योगहरू पनि जीवन्त सम्पदा हुन् भन्ने सन्देश दिने उद्देश्यले यो यात्राको आयोजना गरिएको हो । यी रैथाने उद्योगहरूलाई संरक्षण गर्दै दिगो पर्यटनसँग जोड्नु अभियानको मुख्य लक्ष्य रहेको छ । तसर्थ, यस पटकको सम्पदा यात्रा सांस्कृतिक स्थलहरूमा मात्र सीमित नरही भक्तपुरका रैथाने पहिचान र परम्परागत उद्योगहरूलाई जीवन्तता दिने उद्देश्यले यात्राको मार्गमा पर्ने भक्तपुरको पहिचान बोकेका झ्याल, ढोका र काठका बुट्टाहरू कुँद्ने परम्परागत काष्ठकला उद्योग, भादगाउँले कालो टोपी उत्पादन हुने उद्योग, चिउरा (बजि), चामल र पिठो उत्पादन गर्ने पुरानो उद्योगलगायत विभिन्न स्थानीय उद्योगहरूको समेत प्रत्यक्ष भ्रमण गराइएको थियो ।

विभिन्न सम्पदा र उद्योगहरूको भ्रमणपश्चात् उक्त यात्रा 'ख्वप छैं' मा पुगेर औपचारिक रूपमा समापन गरियो । सो अवसरमा सहभागीहरूले सम्पदा यात्राका दौरानमा आफूले सँगालेका रोचक र ज्ञानवर्धक अनुभवहरूसमेत आपसमा साटासाट गरेका थिए । यस्ता रचनात्मक र चेतनामूलक सम्पदा यात्राले भक्तपुरको पर्यटनलाई नयाँ उचाइ दिने र आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि भक्तपुरलाई झनै आकर्षक गन्तव्य बनाई स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउने र परम्परागत सीपलाई नयाँ पुस्तासँग जोड्ने विश्वास आयोजकहरूले व्यक्त गरेका छन् ।

कार्यक्रममा सम्पदा यात्रा गराउनुको उद्देश्यबारे गो लोकल कार्यक्रमका सह-संयोजक रामसुन्दर भेलेले जानकारी गराउनुभएको थियो । सम्पदा यात्रा सहभागी सम्पूर्णमा भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि सहभागिताको लागि अनुरोध गर्नुभयो । सम्पदा यात्राको सहजीकरण भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेशराज शर्माले गर्नुभएको थियो ।

# प्रस्तावित प्रधानन्यायाधीशविरुद्ध संसदीय सुनुवाइ समितिमा नयाँ उजुरी दर्ता

काठमाडौं, ३ जेठ। प्रस्तावित प्रधानन्यायाधीशविरुद्ध संसदीय सुनुवाइ समितिमा नयाँ उजुरी दर्ता भएपछि न्याय क्षेत्र तरङ्गित बनेको छ ।

अमेरिकामा रहेका नेपाली सेनाका पूर्व मेजर तथा अधिवक्ता प्रज्ज्वल बस्नेतले इमेलमार्फत उजुरी पठाउँदै शर्माको न्यायिक भूमिका, पुराना आदेश कार्यान्वयन र न्याय सम्पादन क्षमतामाथि गम्भीर प्रश्न उठाउनुभएको छ ।

उजुरीमा सर्वोच्च अदालतले दर्ता नै इन्कार गरेको रिट प्रस्तावित प्रधानन्यायाधीशसमेत रहेको इजलासमा पुगेको, तर पटकपटक सुनुवाइको आग्रह गर्दा पनि मौन बसिएको आरोप लगाइएको छ ।

त्यसैगरी, १५ वर्ष पुराना आदेश कार्यान्वयन, न्यायाधीशहरूको भूमिकामाथिको प्रश्न र सैनिक अदालतसम्बन्धी मुद्दामा तथ्य दिन सक्ने-नसक्ने विषयमा समेत समितिले गहिरो अध्ययन गर्नुपर्ने माग गरिएको छ ।

उता, बालेन्द्र साह अध्यक्ष रहेको संवैधानिक परिषद्ले शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेपछि अहिले उनको नामलाई लिएर राजनीतिक र कानुनी वृत्तमा तीव्र बहस सुरु भएको छ ।

# चामुण्डा बिन्द्रासैनीमा समाजवाद र साम्यवादको अपरिहार्यताबारे अन्तरक्रिया

दैलेख, ३ जेठ। नेपाल मजदुर किसान पार्टी चामुण्डा बिन्द्रासैनीको आयोजनामा काल्पनिक समाजवादी नेता रोबर्ट ओवेनको जन्म दिनको अवसरमा समाजवाद र साम्यवादको अपरिहार्यता विषयक अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले रोबर्ट ओवेनको योगदानको चर्चा गर्दै रोबर्ट ओवेन व्यक्तिगत प्रगतिभन्दा सामाजिक प्रगति चाहने व्यक्तित्व हुनुहुन्थ्यो भन्नुभयो । रोबर्ट ओवेनका समाजवादी प्रयोगहरू असफल भए तापनि उनी एक सफल समाज सुधारक हुनुहुन्थ्यो भन्दै उहाँले धेरै वर्षको अनुभवबाट तयार पारेको काल्पनिक समाजवादी विचारलाई कार्ल मार्क्सले वैज्ञानिक समाजवादमा रूपान्तरण गर्नुभएको चर्चा गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य केशेन्द्र प्रकाश कार्कीले काल्पनिक समाजवादी नेता रोबर्ट ओवेनबाट शिक्षा लिन लाभदायक हुने भन्दै व्यक्तिगत लाभभन्दा सामाजिक काममा बढी जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल मजदुर किसान पार्टी दैलेखका अध्यक्ष खगेन्द्रबहादुर शाहीले रोबर्ट ओवेनको जीवनी सुनाउँदै रोबर्ट ओवेनले तयार पारेको काल्पनिक समाजवादले वैज्ञानिक समाजवादी सिद्धान्त निर्माण गर्न सहयोग पुगेको प्रस्ट पार्नुभयो ।

प्राध्यापक समाजका नगेन्द्र कार्कीले समाज परिवर्तनमा तत्कालीन समाजको प्रभाव पर्न सक्ने चर्चा गर्दै समाजवादी व्यवस्था स्थापनाका लागि समाजवादी आचरणको विकास गर्न जरुरी छ भन्नुभयो ।

कार्यक्रममा नेमिकिया चामुण्डा बिन्द्रासैनी नगर समितिका अध्यक्ष दीपक शाही र सोही समितिका सचिव लवराज ढकालले पनि रोबर्ट ओवेनको जीवनीबाट सिक्नुपर्ने र सामाजिक काममा जोड दिनुपर्ने चर्चा गर्नुभएको थियो ।

*जलवायु...*

आएको परिवर्तनले थप १२ प्रतिशत अक्सिजन कमी गराएको अध्ययनले जनाएको छ ।

अत्यधिक गर्मीका लहरहरूले पनि नदीहरूको अक्सिजन ह्रासमा ठूलो भूमिका खेलेका छन् । अध्ययनले विश्वव्यापी नदी अक्सिजन कमीको करिब २३ प्रतिशत हिस्सा यस्ता गर्मीका लहरसँग सम्बन्धित रहेको देखाएको छ ।

अनुसन्धानमा अत्यन्त कम वा अत्यन्त बढी पानीको बहावले केही हदसम्म अक्सिजन कमीको गति घटाउन सक्ने पनि उल्लेख गरिएको छ । सामान्य अवस्थाको तुलनामा कम बहाव हुँदा अक्सिजन ह्रासको दर १९ प्रतिशतले घटेको पाइएको छ भने बढी बहाव हुँदा ७ प्रतिशतले कमी आएको छ ।

अनुसन्धानकर्ताहरूले घट्दो अक्सिजन स्तरले नदीको जैविक विविधतामा गम्भीर असर पार्ने चेतावनी दिएका छन् । अक्सिजन कम हुँदा माछा तथा अन्य जीवहरू बाँच्न सङ्घर्ष गर्नुपर्ने अवस्था सिर्जना हुन्छ ।

उनीहरूले विशेषगरी उष्णकटिबन्धीय क्षेत्रका देशहरूमा नीति निर्माताहरूलाई प्रभावकारी रणनीति अपनाउन आग्रह गरेका छन् ।

नान्जिङ भूगोल तथा लिम्नोलोजी संस्थानका अनुसन्धानकर्ता शी कुनले भन्नुभयो,"यो अध्ययनले विश्वभरका नदीहरूमा भइरहेको अक्सिजन ह्रासलाई बुझ्न र न्यूनीकरण गर्न महत्त्वपूर्ण आधार प्रदान गरेको छ ।"

# सामूहिक साकोसको आयोजनामा विस्तारित मञ्च कार्यक्रम सम्पन्न

भक्तपुर, ३ जेठ। सामूहिक बचत तथा ऋण सहकारी संस्था लि. को आयोजनामा आइतबारका दिन संस्थाको मुख्य कार्यालय बोलाछेँ, भक्तपुरमा संस्थाका सचिव तथा विस्तारित मञ्च कायदलका संयोजक सञ्जय जोन्छेको सभापतित्वमा सहकारीको वर्तमान अवस्था र आगामी दिनमा संस्थाको योजनाका विषयमा सदस्यहरूबिच विस्तारित मञ्च कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमका सभापति जोन्छेले कार्यक्रम सञ्चालन गर्नुको औचित्यमाथि प्रकाश पार्दै अहिलेको अवस्थामा ब्याजदरको लोभभन्दा पनि बचत सुरक्षित हुने सहकारीको चयन गर्नु बुद्धिमानी हुने बताउनुभयो ।

संस्थाका अध्यक्ष राजाभाइ भेलेले वर्तमान अवस्थामा राष्ट्रिय सहकारी नियमन प्राधिकरण तथा विभिन्न सहकारीसँग सम्बन्धित निकायबाट जारी नीति निर्देशनका महत्त्वपूर्ण बुँदाहरू उल्लेख गर्दै सदस्य स्वयम् पनि जानकार रहनुपर्ने र सामूहिकलाई पनि प्राधिकरणबाट कार्यालय सञ्चालनका लागि अनुमति पाइसकेको बताउनुभयो ।

संस्थाका उपाध्यक्ष कृष्णहरि सैजुले व्यावसायिक उद्देश्यले खोलेको सहकारी र समुदायमा आधारित सहकारीबिचको अन्तरका विषयमा जानकारीका साथै संस्थाको प्राथमिक पुँजी कोष र जोखिम ऋण सुरक्षणकोषलाई प्राथमिकतामा राखे संस्था सुरक्षित र दिगो हुने जानकारी दिँदै उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

संस्थाका सहायक व्यवस्थापक अनिता दुवालबाट संस्थाको आर्थिक तथा प्रगतिसम्बन्धी प्रस्तुतीकरण गरिएकोमा विभिन्न सदस्यबाट ब्याजदर, कर्जा सूचना केन्द्र, शेयर पुँजी, ऋण र असुली प्रक्रियाका विषयका उठेका जिज्ञासाहरूमाथि संस्थाका व्यवस्थापक रवीन्द्र घिमिरेले प्रस्ट पार्नुभयो ।

उक्त कार्यक्रमको सञ्चालन संस्थाका ऋण अधिकृत विन्द्रा नायभाले गर्नुभएको थियो ।

सङ्क्षिप्त समाचार

## तरबुजा खेतीबाट आत्मनिर्भर बन्दै दङ्गीशरणका युवा

तुलसीपुर (दाङ), ३ जेठ। दङ्गीशरण गाउँपालिका-१ रामपुरका पाँच जना युवकले सामूहिक तरबुजा खेती गरेका छन्। साथै उनीहरू बबई नदी किनाराको जग्गामा तरबुजा खेती गरेर आत्मनिर्भर भएका छन्।

स्वदेशमा नै केही गरौँ भनेर सामुहिक खेती थालिएको कृष्ण चौधरीले बताउनुभयो। आफूहरूले स्वदेशमा नै आत्मनिर्भर हुन सकिन्छ भनेर खेती थालेको बताउनुभयो। हाल गाउँमै १२ कठ्ठा खेतमा आहाना, पुजा, सरस्वती, दिव्या र स्विटहनी जातका तरबुजा खेती गरिरहेको उहाँले जानकारी दिनुभयो।

हाल आहाना, प्रतिकिलो रु. ८० र स्विटहनी, सरस्वती, पुजा, दिव्या जातका तरबुजा प्रतिकिलो रु. ५० का दरले गाउँमा नै बिक्री भइरहेको छ। गाउँबाटै दैनिक सयदेखि डेढ किलोसम्म बिक्री हुने गरेको छ।

तरबुजाको याम समाप्त भएपछि बदामलगायत अन्य सागसब्जीखेती गर्ने उहाँहरूको योजना छ। *रासस*

## वाग्मती प्रदेश सरकारद्वारा रु. ३१ अर्ब ३३ करोड राजस्व सङ्कलन

वाग्मती, ३ जेठ। वाग्मती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को दश महिनामा रु. ३१ अर्ब ३३ करोड ५५ लाख ४८ हजार राजस्व सङ्कलन गरेको छ। घरजग्गा रजिष्ट्रेसन र सवारीसाधन कर प्रदेश सरकारको राजस्व सङ्कलनको मुख्य स्रोत मानिन्छ।

घरजग्गा रजिष्ट्रेसन र सवारीसाधन कर शीर्षकसहित बाँडफाँटबाट आर्थिक वर्ष २०८२/८३ को साउनदेखि वैशाख महिनासम्ममा रु. २० अर्ब एक करोड तीन लाख ८९ हजार राजस्व सङ्कलन भएको वाग्मती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत इन्द्रराज सञ्ज्यालले जानकारी दिनुभयो।

उहाँका अनुसार सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत दश महिनाको अवधिमा रु. सात अर्ब ९४ करोड २७ लाख ५६ हजार प्राप्त भएको छ। यस्तै, चालु आव २०८२/८३ सो अवधिमा प्रदेश सरकारको आन्तरिक स्रोतबाट सङ्कलित राजस्वबाट रु. तीन अर्ब २४ करोड ५२ लाख ४१ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ।

आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद-बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व सङ्कलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिलगायत कारणले अपेक्षाकृत राजस्व सङ्कलन हुन नसकेको अधिकृत सञ्ज्यालको भनाइ छ। *रासस*

## ४० लाख मूल्य बराबरको अवैध सामानसहित दुई पक्राउ

सिरहा, ३ जेठ। सशस्त्र प्रहरी बल नेपालले सिरहाको सीमावर्ती क्षेत्रमा ठुलो परिमाणमा अवैध सामानसहित एक मालवाहक गाडी र दुई जनालाई नियन्त्रणमा लिएको छ। जिल्लाको नवराजपुर गाउँपालिका-५ देवनगरस्थित सीमा क्षेत्रमा विशेष गस्तीका क्रममा नेपालबाट भारततर्फ अवैध रूपमा लैजान लागिएको सामान बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरी बल नेपाल नं ७ गण सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजङ्ग थापाका अनुसार विशेष सुराकीका आधारमा गण मुख्यालयबाट खटिएको ३५ सदस्यीय टोलीले शनिबार राति करिब ९:०० बजे स१ख ५३५ नम्बरको टाटा टुटोन गाडीलाई शङ्कास्पद अवस्थामा रोकी जाँच गरेको थियो।

जाँचका क्रममा गाडीमा लुकाईछिपाई राखिएको कस्मेटिक सामग्री, मन्जन (टुथपेस्ट) तथा ओखर फेला परेको सशस्त्र प्रहरीले जनाएको छ। बरामद गरिएको सामान र गाडीको अनुमानित बजार मूल्य करिब रु. ४० लाख रहेको बताइएको छ। घटनामा संलग्न रहेको आरोपमा नवराजपुर गाउँपालिका-५ निवासी अन्दाजी ५० वर्षीय राजेशकुमार यादव र ३९ वर्षीय आनन्द यादवलाई पक्राउ गरिएको छ।

पक्राउ परेका दुवै व्यक्ति, बरामद सामान तथा गाडीलाई आवश्यक कारबाहीका लागि भन्सार कार्यालय बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरी उपरीक्षक थापाले जानकारी दिनुभयो। सीमा क्षेत्रमा हुने यस्ता अवैध गतिविधि र तस्करी नियन्त्रणका लागि सशस्त्र प्रहरीले निगरानी र गस्तीलाई थप तीव्र बनाएको उहाँको भनाइ छ। *रासस*

*अन्धविश्वास...*

किरण सुवाल प्रशिक्षकको रूपमा र हनुभएको थियो। १० दिनसम्म सञ्चालन भएको तालिममा सहभागीहरूलाई उद्घोषण कला, मञ्च सञ्चालन, प्रभावकारी प्रस्तुति शैली, स्रोतासँग अन्तरक्रिया तथा व्यावसायिक सञ्चारसम्बन्धी व्यावहारिक प्रशिक्षण प्रदान गरिएको थियो।

कार्यक्रमको सञ्चालन वडा नं. १ शिक्षा समितिका सदस्य लक्ष्मीसुन्दर सुवालले गर्नुभएको थियो भने वडासचिव विजय लोहलाले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

प्रशिक्षार्थीहरूको तर्फबाट पियुस पक्का र रोशनी हाडाले तालिम अवधिभरका आ-आफ्नो अनुभव सुनाउनुभएको थियो। प्रमुख अतिथि सुवालद्वारा सम्पूर्ण प्रशिक्षार्थीहरूलाई प्रामाण पत्र वितरण गरिएको थियो।



सङ्खुवासभाको मकालु गाउँपालिका-२ स्थित बरुण उपत्यकाबाट देखिएको याङ्ले खर्क र धार्मिक तथा पर्यटकीय स्थल शिवधारा। मकालु हिमाल जाने बाटोमै यो क्षेत्र पर्दछ। *तस्बिर : भविन कार्की / रासस*

## सार्वजनिक स्रोत-साधनको मितव्ययी उपयोगमा महालेखाको जोड

काठमाडौँ, ३ वैशाख। महालेखा परीक्षकको कार्यालयले सार्वजनिक निकायको जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्दै सार्वजनिक स्रोत-साधनको मितव्ययी तथा दिगो उपयोग सुनिश्चित गर्न क्षेत्रगत सुझाव दिएको छ।

महालेखा परीक्षकको ६३ औँ वार्षिक प्रतिवेदनमा शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त र विकास व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक प्रशासन र सुशासन क्षेत्रमा सुधार गर्न सरकारलाई सुझाव दिइएको छ।

महालेखाले सार्वजनिक प्रशासनमा सूचना प्रविधिलाई कार्यसम्पादनसँग आबद्ध गरी 'फेसलेस ब्यूरोक्रेसी' विद्युतीय शासन र एकल सेवा केन्द्रको अवधारणालाई कार्यान्वयनमा ल्याउन सुझाएको छ।

विशिष्टीकृत कार्यका लागि कार्यसमयमा लचकता र उपयुक्त प्रोत्साहनसहित एकभन्दा बढी कार्यालयको जिम्मेवारी दिन सकिने व्यवस्था मिलाउन सुझाव दिँदै महालेखाले सेवाग्राहीप्रति शिष्ट, मर्यादित र जवाफदेही सेवा संस्कृति स्थापित गर्न स्पष्ट आचारसंहिताको कार्यविधि तर्जुमा गरी लागू गर्न सिफारिस गरेको छ।

सेवा प्रवाहलाई प्रभावकारी बनाउन नागरिक सचेतना अभिवृद्धि गर्ने र नियमित पृष्ठपोषण प्राप्त गर्ने संयन्त्र विकास गर्न र सेवाग्राहीको समय र लागतलाई ध्यानमा राखी सेवा डिजाइन गर्नुपर्ने तथा प्रमाणयोग्य कागजातको प्रारम्भिक प्रशोधन नि:शुल्क गर्न महालेखाले सुझाव दिएको छ।

**मौज्दात जिन्सी उपयोग सुनिश्चित गर्न सुझाव**

सार्वजनिक निकायको स्वामित्वमा रहेका सबै प्रकारका सम्पत्तिको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख गर्ने र नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम तयार गरिने वित्तीय विवरणमा खुलासा गर्ने व्यवस्था गर्न प्रतिवेदनमा सुझाव दिइएको छ।

सार्वजनिक निकायको मौज्दातमा भएका जिन्सी सामग्री, यन्त्र-उपकरण र औजार किफायती मर्मत गरेर उपयोग हुन नसक्ने यकिन गरेपश्चात् मात्र नयाँ खरिद गर्ने व्यवस्था गर्न तथा सम्पन्न वा विघटित आयोजनाको यन्त्र-उपकरण र सम्पत्तिको अभिलेख गरी त्यस्ता मालसामान आवश्यक पर्ने निकायमा हस्तान्तरण गर्न महालेखाले सुझाएको छ।

ल्यापटप, ट्याबलेटजस्ता उपकरणको प्रयोगकर्ता परिवर्तनपश्चात् पुन: उपयोगमा नल्याई नयाँ खरिद गर्ने प्रवृत्ति रोक्न सम्पत्तिको उपयोगी आयु तोकी सो अवधिभित्रै एकै प्रयोगकर्तालाई उपलब्ध गराउने व्यवस्था गर्न सुझाव दिइएको छ।

राष्ट्रिय महत्त्वका अभिलेख, नक्सा, सन्धि-सम्झौता र ऐतिहासिक दस्तावेजको अभिलेखीकरण र सुरक्षा गर्न 'डिजिटाइजेसन' लगायतका उपयुक्त विधि अपनाउन, सार्वजनिक र गुठी जग्गा अतिक्रमणमुक्त बनाई उचित संरक्षण र उपयोग गर्न, मुआब्जा वितरण भइसकेका जग्गा अनिवार्यरूपमा सरकारी स्वामित्वमा ल्याई अभिलेख संरक्षण र उपयोगको व्यवस्था मिलाउन महालेखाले सरकारलाई सुझाव दिएको छ।

यस्तै भन्सारमा जफत वा सार्वजनिक निकायमा प्रयोगविहीन अवस्थामा रहेका सवारी साधन समयमै मर्मत गरी उपयोग गर्ने वा लिलाम/हस्तान्तरण गर्ने व्यवस्था गर्न, सामुदायिक वनका उपभोक्ता समूहले सङ्कलन गरेको काठ, दाउराको उपयोग र बिक्रीसम्बन्धी स्पष्ट व्यवस्था गरी समूहका सदस्यले उपयोग र बिक्री गर्ने परिमाण र सीमा तोक्न भनिएको छ।

महालेखाले कुनै सार्वजनिक निकाय/कार्यालय एकअर्कामा गाभिएमा वा टुक्रिएमा वा खारेज भएमा साबिकको निकाय/कार्यालयमा रहेका जिन्सी, स्रेस्तालगायतका कागजात जिम्मा रहने निकाय/कार्यालयको निर्क्योल त्यस्तो निर्णय गर्दाको बखत नै हुनुपर्ने ठहर गरेको छ। सो नगर्ने निकाय/कार्यालयको प्रमुख वा जिम्मेवार अधिकृतलाई कानुनीरूपमा नै जवाफदेही बनाउन महालेखाले सुझाव दिएको छ। *रासस*

## जनकपुर उच्च अदालतबाट तीन हजार मुद्दा फछ्र्यौट

महेन्द्रनगर (धनुषा), ३ जेठ। जनकपुर उच्च अदालतले चालु आर्थिक वर्ष २०८२/८३ को वैशाखसम्म तीन हजार ११५ मुद्दा फछ्र्यौट गरेको छ। पुरानो र नयाँ गरी कुल पाँच हजार ६५१ मुद्दा अदालतमा रहेको थियो।

उच्च अदालतका शाखा अधिकृत गणेश पाण्डेका अनुसार फछ्र्यौट भएका मुद्दामध्ये अघिल्लो वर्षबाट सरी आएका दुई हजार २६७ र नयाँ दर्ता भएका तीन हजार ३८४ सहित कुल पाँच हजार ६५१ मुद्दा अदालतमा रहेको छ। उहाँका अनुसार दुई हजार ५३६ मुद्दा फछ्र्यौट हुन बाँकी छ।

अदालत सम्बन्धमा जानकारी दिँदै सो अदालतका कायम मुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले न्यायिक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउने उद्देश्यसहित अदालतको कार्यप्रगति, मुद्दा फछ्र्यौटको अवस्थाबारे जानकारी दिनुभयो। विवरणअनुसार जिम्मेवारी सरी आएका मुद्दामध्ये एक हजार ७२४ मुद्दा फछ्र्यौट गरी ५४३ मुद्दा बाँकी रहेका छन्।

यसैगरी, चालु वर्षमा नयाँ दर्ता भएका मुद्दामध्ये एक हजार ३९१ मुद्दा फछ्र्यौट हुँदा एक हजार ९९३ मुद्दा अझै बाँकी छन्। अदालतको कुल मुद्दा फछ्र्यौट प्रतिशत ५५ दशमलव १२ रहेको जानकारी दिइएको छ।

अदालतले लामो समयदेखि विचाराधीन रहेका मुद्दालाई प्राथमिकताका साथ टुङ्ग्याउने अभियान पनि सञ्चालन गरिरहेको जनाएको छ। सार्वजनिक विवरणअनुसार एक वर्षदेखि १८ महिनाभित्रका ३७४ मुद्दा, १८ महिनादेखि दुई वर्षभित्रका ७० मुद्दा तथा दुई वर्ष नाघेका चार मुद्दा अझै विचाराधीन रहेका छन्। त्यसैगरी, २०८१ साल पुस मसान्तसम्म दर्ता भई बाँकी रहेका मुद्दाको सङ्ख्या १२४ रहेको अदालतले जनाएको छ।

कामु मुख्य न्यायाधीश कुँवरले न्यायपालिकाप्रति नागरिकको विश्वास कायम राख्न छिटो, निष्पक्ष र प्रभावकारी न्याय सम्पादन आवश्यक रहेको बताउनुभयो। उहाँका अनुसार अदालतले पुराना मुद्दा फछ्र्यौटलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको उल्लेख गर्दै न्यायमा नागरिकको पहुँच विस्तार गर्न सञ्चारमाध्यमको भूमिका महत्त्वपूर्ण रहने विचार व्यक्त गर्नुभयो।

*विद्यालय...*

विद्यार्थीहरूलाई आग्रह गर्नुभयो।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, संस्कृति तथा सम्पदा संरक्षणको क्षेत्रमा राम्रो काम गरिरहेको उदाहरण प्रस्तुत गर्दै भक्तपुरमै गुणस्तरीय शिक्षा हासिल गर्न सल्लाह दिनुभयो।

उहाँले आफूले अध्ययन गरेको संस्था र पढाउने गुरुहरूलाई भुल्न नहुने बताउनुभयो।

ख्वप अस्पतालका मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले विद्यार्थीले आफ्नो क्षमता चिन्नुपर्ने तथा अरुको लहैलहैमा लाग्न नहुने धारणा व्यक्त गर्नुभयो।

उहाँले पैसा कमाउने उद्देश्यले भन्दा पनि समाज र देशका लागि केही गर्छु भन्ने भावना लिएर अघि बढ्न विद्यार्थीलाई अनुरोध गर्नुभयो।

त्रिविका सह-प्राध्यापक तारालाल श्रेष्ठले विद्यार्थीलाई अरुले के भन्छ भन्दा पनि तपाईंको भित्री हृदयले के भन्छ त्यही विषय छान्नुहोस् भन्नुभयो।

कानुन अध्ययन समाजका अध्यक्ष एवम् अधिवक्ता रामप्रसाद प्रजापतिले अहिले हरेक क्षेत्रमा खराबहरूको बिगबिगी रहेको बताउँदै विद्यार्थीलाई जुन क्षेत्रमा लागे पनि असल र इमानदार बन्न आग्रह गर्नुभयो।

उहाँले कानुनको आवश्यकता जतासुकै पर्ने भएकोले सबैले कानुनको जानकारी राख्नुपर्नेमा जोड दिनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा शिक्षिका सीतालक्ष्मी प्रजापतिले स्वागत गर्नुभएको थियो भने शिक्षकहरू सूर्यबहादुर पञ्च, शङ्कर आचार्य, विशाल राजचल, सृष्टि प्रधान र चिनियाँ भाषा शिक्षिका सोफियाले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो।

पूर्वविद्यार्थीद्वय डा. सुनिता धन्छा र आर्किटेक्ट आयुषा प्रजापति तथा विद्यार्थी प्रतिनिधिहरू मोहितराज गोसाई, अनिम छुत्याबाग, वैबिदलक्ष्मी बाहाला र अनुष्का तामाङले आफ्नो विद्यालयीय जीवनको अनुभव सुनाउनुभएको थियो।

सङ्गीत शिक्षकहरू पुरुषोत्तम सुवाल, रियाज बासुकला र विजेश्वरी फैजूले साङ्गीतिक प्रस्तुति राखेको उक्त कार्यक्रममा विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गर्नुका साथै खादा ओढाएर बिदाइ गरिएको थियो।

।सम्पादकीय।

# देश जोगाउन र बनाउन युवा तयार हुनुपर्ने

किशोर किशोरी र युवाहरूमा देशभक्ति तथा देश र जनताको सेवा गर्नुपर्छ भन्ने भावना जगाउन कम्युनिस्ट पार्टीको शिक्षा दिनु आवश्यक छ । देशमा आमूल परिवर्तनको निम्ति युवाहरूमा सङ्घर्षशील भावना जगाउनुपर्छ । उनीहरूमा राजनीतिक चेत आवश्यक छ । राजनीतिक चेतको कमीले युवाहरू गलत बाटोमा जान सक्छन् । देश बनाउन लाग्नुपर्ने युवाहरू देश जलाउन र जनता भड्काउन लागेमा देशमा गतिरोध उत्पन्न हुन्छ । यसकारण, हरेक राजनीतिक दलले आफ्ना नेता तथा कार्यकर्तालाई सिद्धान्तनिष्ठ बनाउन, इमानदारीपूर्वक राजनीति गर्न अभिप्रेरित गर्नुपर्छ । व्यक्तिगत स्वार्थ राखेर पार्टीमा लागेका लोभी पापीहरू आफ्नो स्वार्थ पूरा भएपछि पलायन हुन्छन् । व्यक्तिगत स्वार्थ पूरा गर्नको निम्ति पार्टीमा लाग्ने र स्वार्थ पूरा भएपछि पार्टी छाड्ने अवसरवादीहरूदेखि सचेत हुनुपर्छ । वर्गशत्रुसँग झुक्न अवसरवादको बाटोमा फसेका र फस्न लागेका कार्यकर्ताहरूदेखि चनाखो हुनुपर्छ ।

घरको सुख सुविधा छोडेर जनताको सेवा गर्न नचाहने, अनुशासनमा नबस्ने, व्यक्तिगत इच्छा र हितलाई प्राथमिकता दिने, पार्टीको विरोध गरेर सन्तोषको सास फेर्ने, कार्यकर्ता तथा शुभचिन्तकहरू पनि समाजमा हुन्छन् । सिद्धान्त र अडान नभएका पद र पैसामा बिक्नेहरू सिद्धान्तनिष्ठ कार्यकर्ता होइनन् । दलले आफ्नो कर्तव्य या जिम्मेवारी पूरा नगरेकै कारण या देश जोगाउन र बनाउने युवा तयार गर्न सरकार चुकेकै कारण देशमा बेथिति बढेको हो, अन्योल छाएको हो । जेठ ३ गते प्रकाशित नेपाल समाचारपत्रमा '९ करोडभन्दा बढीका औषधि म्याद गुज्रेर नष्ट : स्वास्थ्य निकायको लापरबाहीले राज्यलाई ठुलो क्षति' शीर्षकको समाचार छापियो । सोही पत्रिकामा छापिएको 'सुध्रिएन शिक्षा मन्त्रालय, बेथितिका चाङैचाङ' शीर्षकको समाचारले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आफ्नो जिम्मेवारी पूरा नगरेको थाहा हुन्छ । गोरखापत्रमा लेखियो, 'सिंहदरबारकै जग्गा अतिक्रमण ।' कान्तिपुरमा लेखियो, 'सरकारको निर्णयमा अदालतको रोक : प्रक्रियामा त्रुटि कि न्यायिक सक्रियता ?'

खोलानाला, नदी र सडक किनारको जग्गामात्र होइन सिंहदरबारको जग्गासमेत मिचिएको खबर सरकारी पत्रिका गोरखापत्रले छाप्यो । स्वास्थ्य निकायको बेवास्ता या लापरबाहीको कारण करोडौं रूपैयाँ बराबरको औषधि तथा औषधिजन्य सामग्री नष्ट भएको खबरले देशको रकम खेर गइरहेको अनुभूति हुन्छ । एकातिर सरकारले निर्णय गर्दै जाने अर्कोतिर अदालतले रोक्दै जाने प्रक्रियाले सरकार सही ठाउँमा नभएको या सरकारको निर्णय हचुवा ढङ्गले भएको जनाउँछ । राजनीतिक दलका नेता, मन्त्री, सांसद तथा कार्यकर्ताहरू सिद्धान्तनिष्ठ नहुँदा, विचारमा अडान नहुँदा विश्रृङ्खलित हुन्छन् । सरकारले हरेक काम विचार पुऱ्याएर गर्नुपर्छ । सैद्धान्तिक अस्पष्टता, नि:स्वार्थ र इमानदारीपूर्वक देश र जनताको सेवा गर्नुको सट्टा व्यक्तिगत स्वार्थ पूरा गर्न पार्टी र सरकारलाई उपयोग गर्ने, पुँजीवादी र अवसरवादी विचारकै कारण उनीहरू संशोधनवाद, अवसरवाद, सुधारवादको दलदलमा फसेका हुन् ।

सामान्यतया कम्युनिस्ट सिद्धान्त बुझेका र कामदारवर्गको सेवा गर्ने भावनाबाट प्रेरित व्यक्तिहरू पार्टीमा पछिसम्म जुटेका हुन्छन् । सिद्धान्तच्युत र विश्वासघाती नेता तथा कार्यकर्ताहरू लामो समयसम्म पार्टीमा टिक्दैनन् । उनीहरूको भर हुँदैन । विगतमा शासक दलका नेता, मन्त्री र सांसदहरूले जनतालाई राहत हुने खालका काम गर्न सकेनन् । परिणामत: शासक दलका नेताहरू जनतामाझ उदाङ्गिए । धेरै भएपछि अन्न पनि विष हुन्छ भनेझैं उनीहरूको मनपरीतन्त्र, देशविरोधी र जनविरोधी गलत निर्णयकै कारण शासकहरूको बदनाम भयो र गत फागुन २१ गतेको संसद्को निर्वाचनमा ठुला दलले हार व्यहोर्नुपऱ्यो । सैद्धान्तिक ज्ञान र राजनीतिक संस्कृतिमा कमजोर मानिसहरू पार्टीमा नटिकेको देखिन्छ । समाजमा देश र जनताको सेवा गर्ने कार्यकर्ताहरू बढी हुन्छन् । तर, उनीहरूलाई हर क्षेत्र र हर प्रयासबाट दु:ख दिइएको हुन्छ; निरास पार्ने कुत्सित प्रयास गरिएको हुन्छ । कार्यकर्ता भाँड्ने, भाँड्न षड्यन्त्र गर्ने, निहुँ खोज्ने, देशको वास्ता नगर्ने, परिवारका सदस्यहरूको मात्र स्वार्थ हेर्ने नेता तथा कार्यकर्ताहरू सङ्कीर्ण विचारका हुन्छन् । उनीहरू गहन अध्ययन गर्दैनन्; हचुवाको भरमा सतही टिप्पणी गर्छन् । यस्तै यस्तै प्रवृतिको विकासले देशमा मनोमानी बढेको हो । यसले देश बन्दैन; देश बनाउँदैन ।

# ट्रम्पले अचानक किन खोजे सीको साथ ?

कन्वल सिबल

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको चीन भ्रमणको नतिजालाई धेरै देशका राजधानीमा विश्लेषण गरिएको छ । भ्रमणले प्रमुख वा दिगो परिणाम ल्याउने सम्भावना कम छ, यद्यपि दुवै पक्षले केही सकारात्मक परिणाम घोषणा गर्न सकिन्छ भनेर सुनिश्चित गर्न अग्रीम काम गरेको हुनुपर्छ ।

आफ्नो हतार र अनियमित नीति र विश्वव्यापी प्रणालीमा उनको अवरोधका कारण ट्रम्पले अमेरिकामाथिको विश्वास गुमाएका छन् र विश्वमा अमेरिकी प्रतिष्ठामाथि क्षति पुऱ्याएका छन् । सहयोगी र मित्रराष्ट्रले अब अमेरिकालाई भरपर्दो साझेदारको रूपमा हेर्दैनन् ।

**कस्ता खालका व्यक्ति हुन् ट्रम्प ?**

विदेशी सम्बन्धमा लेनदेनको दृष्टिकोणले पारस्परिक विश्वास निर्माण गर्दैन, किनकि सम्झौता गर्ने काम छोटो अवधिको दृष्टिकोणमा आधारित हुन्छ, दीर्घकालीन रणनीतिक लगानीमा होइन । ट्रम्पले व्यवहारले देखाएका छन् कि उनले गरेका सम्झौता उनी अस्वीकार गर्न सक्छन् । यसबाहेक, सम्झौता गर्ने काममा उनी अयोग्य विजेताको रूपमा देखा पर्न चाहन्छन्, जसको अर्थ उनी एकतर्फी सम्झौता चाहन्छन् ।



ट्रम्पले अमेरिकी संवैधानिक नियन्त्रण र सन्तुलन उल्लङ्घन गर्छन् र आफ्नो इच्छा पूरा गर्न घरेलु कानुनको अवज्ञा गर्छन् । अन्तर्राष्ट्रिय कानुनमा उनको बेवास्ताका पछाडि यही मानसिकता छ । भेनेजुयलाका राष्ट्रप्रमुखको अपहरण, इरानमाथिको उनको युद्ध, क्युवामाथिको नाकाबन्दी र त्यहाँको शासन परिवर्तन गर्ने खुला धम्कीले उनको विदेश नीति कच्चा शक्तिमा आधारित छ भन्ने देखाउँछ, जसले मूल्य-मान्यता वा सिद्धान्तको कूटनीतिक आवरणलाई पनि त्याग्छ ।

**ट्रम्पले के गर्न सक्छन् ?**

ट्रम्पले राष्ट्रपति सीसँगको आफ्नो व्यक्तिगत सम्बन्धबारे बयानबाजी गर्ने बानी भए पनि चिनियाँ नेताको प्रशंसा गर्ने बानी छ, जुन उनको संरक्षण शैलीको एक हिस्सा हो । भावुक नभएका, चिसो हिसाबकिताब गर्ने, आत्मकेन्द्रित चिनियाँहरू यस्ता कुराकानीबाट मूर्ख हुनेछैनन् । अझ महत्त्वपूर्ण कुरा, अमेरिकाले चीनलाई प्रविधि प्रतिद्वन्द्वीको रूपमा हेर्ने कुरामा स्पष्ट छ, अब उसले एआई डोमेनमा ध्यान केन्द्रित गरेको छ । समयसँगै उसले महत्त्वपूर्ण प्रविधि र कच्चा पदार्थको क्षेत्रमा घरेलु उत्पादन विकास गर्ने र चीनमाथिको आफ्नो निर्भरता क्रमश: कम गर्ने लक्ष्य राखेको छ ।

अमेरिकाले चीनमाथि रुस र इरानलाई सैन्य सहयोग गर्नेलगायत धेरै अपराधको आरोप लगाएको छ । यसले चीनलाई प्रतिबन्ध लगाउने धम्की दिएको छ, जसप्रति चिनियाँहरूले तीव्र प्रतिक्रिया जनाएका छन् । यदि अमेरिकाले चीनलाई उन्नत प्रविधि, विशेषगरी यसको सबैभन्दा उन्नत चिप्स अस्वीकार गरेको छ भने चिनियाँहरूले इभी ब्याट्रीहरूमा प्रयोग हुने ग्रेफाइट वस्तुजस्ता दोहोरो प्रयोगका खनिजमा अमेरिकी पहुँच सीमित गरेर बदला लिएका छन् ।

ट्रम्पको भ्रमणको ठीकअघि अमेरिकाले इरानी तेल आयात गर्ने चीनको 'टी पट रिफाइनरी'लाई प्रतिबन्ध लगाएको थियो र चीनले आफ्ना कम्पनीलाई यी प्रतिबन्धबाट जोगाउन आफ्नो घरेलु कानुनको प्रयोग गरेको छ । अमेरिकाले पानामा नहरमाथि नियन्त्रण गर्न खोजेर, भेनेजुयलाको तेलबाट चीनलाई वञ्चित गरेर र हर्मुज जलमार्गमा नाकाबन्दी गर्दै चीनलाई इरानी तेलको सबैभन्दा ठुलो खरिदकर्ता हुनबाट रोकेर चीनको रणनीतिक र आर्थिक हितलाई ठुलो चोट पुऱ्याएको छ । अमेरिकाको विश्वास छ कि चीन आफ्ना बैङ्कहरूमाथि प्रतिबन्ध लाग्ने डरमा छ, जुन सत्य हुन सक्छ । चीन अलिकति अस्थिर हुन सक्छ, तर अमेरिका-चीन सम्बन्धमा अन्तर्निहित तनाव गम्भीर र वास्तविक छ ।

**अमेरिकी लक्ष्य**

सामान्य विचार यो छ कि अमेरिका युरोप र अन्यत्र आफ्ना सहयोगी र साझेदारलाई अलग्याएर स्वलक्ष्यमा प्रतिबद्ध छ । इरानविरुद्धको युद्ध निर्णायक रूपमा जित्न र पश्चिम एसियामा आफ्ना सहयोगीलाई इरानी प्रतिशोधबाट जोगाउन असफल भएको छ, जसले सुरक्षा प्रदायकको रूपमा यसको भूमिकामाथि प्रश्न उठाएको छ । युद्धका नयाँ विधि ह्यान्डल गर्न अमेरिकी हतियारको प्रभावकारितामाथिको शङ्काले अमेरिकाको पतनमाथि बहस उत्पन्न गरेको छ ।

अमेरिकी नीतिको कमजोरी र विश्वव्यापीस्तरमा ट्रम्पको धम्कीविरुद्धको प्रतिक्रियाबाट चीनलाई सबैभन्दा ठुलो लाभान्वित देशको रूपमा हेरिएको छ । यदि देशहरूले अब ट्रम्पको नेतृत्वमा अप्रत्याशित र मनमोहक अमेरिकी नीतिविरुद्ध सावधानी हुनु छ भने चीनसँगको नजिकको सम्बन्ध, साथै रुस र ब्रिक्स-प्लस समूहसँगको सम्बन्ध वृद्धि गर्नु बुद्धिमानी देखिन्छ ।

अमेरिका-चीन सम्बन्धमा ताइवान मुद्दा अत्यन्तै पेचिलो छ । चीनले ताइवानलाई हतियार आपूर्ति र त्यहाँका नेताहरूको स्वतन्त्रताको आकाङ्क्षाको मामिलामा अमेरिकाबाट बलियो आश्वासन खोजेको छ । ट्रम्पले आफ्ना सहयोगीसँग गरेको व्यवहारलाई ध्यानमा राख्दै ताइपेईले केही डरका साथ कदम चाल्नेछ । अमेरिका-चीन सम्बन्धको राजनीतिक, आर्थिक र सुरक्षा प्रभावका कारण पेइचिङमा के भइरहेको छ भनेर जापान र दक्षिण कोरियाले पनि नजिकबाट पछ्याउनेछन् ।

ट्रम्पको भ्रमणले के खिचडी पाक्छ भनेर युरोपले पनि ध्यानपूर्वक हेर्नेछ । ट्रान्सएट्लान्टिक सम्बन्धमा अशान्तिसँगै युरोप राजनीतिक र आर्थिक सन्तुलन चालको माध्यमबाट कच्चापदार्थ र प्रविधिमा पकड भएको चीनतर्फ आकर्षित हुनेछ । तर, युरोपको चीनसँग आफ्नै समस्या छन् र चिनियाँ बजारमा थप पहुँच खोज्छ, यी महत्त्वपूर्ण कच्चापदार्थ र प्रविधिका लागि चीनमाथिको अत्यधिक निर्भरताबारे आफ्नै चिन्ता छन् । अमेरिकाले युरोपलाई उन्नत पश्चिमी प्रविधिमा चीनको पहुँच अस्वीकार गर्ने प्रयासमा सहयोग गर्न दबाब दिइरहेको छ ।

**भ्रमणमा कार्यकारीको समूह किन ?**

ट्रम्पको चीन भ्रमणमा सबैभन्दा ठुलो अमेरिकी प्रविधि र लगानी कम्पनीका प्रमुख कार्यकारीको एक समूह नै लगेका छन् । यहाँ सन्देश अस्पष्ट छ । ट्रम्प अमेरिकी निगमले स्वदेशमै लगानी गरून्, उत्पादन रोजगारी अमेरिकामा फिर्ता ल्याऊन् र आपूर्ति शृङ्खला कम गरून् आदि चाहन्छन् । यदि उनी चीनसँग ठुलो उत्पादन र लगानी साझेदारी हेरिरहेका छन् भने त्यो उद्देश्य कसरी पूरा हुनेछ ?

ट्रम्पले व्यापार घाटा कम गर्न सधैँ चीनलाई सोयाबिन, मकै, सोर्घम, गाईको मासु र कुखुरा, कपास इत्यादिजस्ता कृषि उत्पादन बेच्ने प्रयास गरेका छन्, तर सफल हुन सकेका छैनन् । यस सन्दर्भमा ट्रम्पले आफ्नो पहिलो कार्यकालमा चीनसँग हस्ताक्षर गरेको सम्झौताको कमजोर नतिजाले केही दृष्टिकोण दिएको हुनुपर्छ ।

जनवरी २०२० मा हस्ताक्षर गरिएको सम्झौताअन्तर्गत चीनले आफ्नो खरिद प्रतिबद्धता पूरा गर्न असफल भयो, प्रतिज्ञा गरिएका अतिरिक्त अमेरिकी सामानको ५८ प्रतिशत मात्र किन्यो । चीनले २०२१ को अन्त्यसम्ममा २०१७ को स्तरभन्दा माथि २०० अर्ब डलर बराबरको अमेरिकी सामान र सेवा खरिद गर्ने आफ्नो प्रतिबद्धता पूरा गरेन ।

**के यो बेकारको भ्रमण हो ?**

ट्रम्पको भ्रमण दुई कारणले गर्दा उच्च अपेक्षा पूरा नहुन सक्छ । पहिलो, उनको इरान युद्ध उनका लागि पराजय साबित भएको छ । उनी चीन जाँदा इरान ट्रफी झोलामा राख्ने सोचेर सुरुमा आफ्नो भ्रमणको मिति स्थगित गरेका थिए । यसविपरीत हर्मुज जलमार्ग बन्द छ र इरानले आफ्नो वार्ताको स्थिति कडा बनाएको छ ।

चीनले पश्चिम एसियाको द्वन्द्वमा आफ्नो कार्ड होसियारीपूर्वक खेलेको छ, सतर्क अडान लिएको छ, यद्यपि हर्मुज जलमार्ग खोल्न खोजिरहेको छ, त्यो हदसम्म इरानलाई पूर्ण रूपमा समर्थन गरिरहेको छैन । चीनले अमेरिकाको तर्फबाट इरानमाथि दबाब दिनेछैन ।

दोस्रो, नोभेम्बरमा हुने मध्यावधि चुनावमा ट्रम्पले तल्लो सदन गुमाउन सक्ने र महाभियोगको निरन्तर धम्की दिँदै शक्ति नभएका राष्ट्रपति बन्न सक्ने वास्तविक सम्भावनालाई चीनले ध्यानमा राख्नेछ । वार्ताकारको रूपमा उनको अविश्वसनीयताबाहेक ट्रम्पसँगको सम्झौतामा चीनले कति लगानी गर्ने भन्ने एक प्रश्न हुनेछ । अन्तत : चीनलाई अमेरिकी कङ्ग्रेस र प्रशासनमा व्यापक रूपमा फैलिएको चीनविरोधी भावनाबारे पनि थाहा हुनेछ ।

**(भारतका पूर्वविदेशसचिव सिबलसँग टर्की, इजिप्ट, फ्रान्स र रुसका लागि भारतका पूर्वराजदूत र वासिङ्टनमा मिसनका उपप्रमुख रहेको अनुभव छ ।)**

*- एनडीटीभीबाट*

# अफ्रिकी जनताको फ्रान्सेली उपनिवेशवादविरोधी सङ्घर्षको अध्याय : हो चि मिन्ह र अफ्रिका – ३

✍ हौसला



फ्रान्सका पुँजीपति शासकलाई फ्रान्समा कामदार वर्गीय आन्दोलन उठ्ने डर थियो । आफ्नो उपनिवेश देशहरूबाट फ्रान्सले एकातिर उद्योगहरूका निम्ति सस्तो अझ भनौं नि:शुल्क कच्चा पदार्थ आयात गर्थ्यो भने अर्कोतिर आफ्नो देशमा मजदुर आन्दोलन दबाउन मानवीय स्रोत आयात गर्थ्यो । विश्वमा उपनिवेश खडा गर्ने नीति र वक्तव्यहरू निरन्तर जारी गरिन्थ्यो । बेलायती उपनिवेशवादी नीतिलाई क्रूर बताउँदै फ्रान्सले विश्वमा न्याय र सौहार्दता स्थापित गर्ने खोक्रो वचन दिइरहन्थ्यो । हिन्दचिनी जनतालाई हदैसम्मको अपमान गर्ने फ्रान्सेली सरकारले डाहोमीमा युवाहरूलाई आफ्नो स्वार्थका निम्ति जवजरस्ती घरबाट बाहिर निकाल्थ्यो । ती युवालाई 'सभ्यताको रक्षक' भनी ठूलठूला गाउँहरू ध्वस्त बनाउने काममा लगाउँथ्यो । आफ्नै आदिवासी दाजुभाइ दिदीबहिनीविरुद्ध हतियार उठाउन बाध्य पारिन्थ्यो । एक किसिमको नारकीय र पशुतुल्य जीवनयापन गर्नुपर्थ्यो । शिक्षा र स्वास्थ्यको कुरा त आकाशको फल जत्तिकै थियो । तर, फ्रान्सेली शासकहरू आफूलाई 'सभ्य जाति' भन्न कहिल्यै थाक्दैनथ्यो । डोहामेली युवाहरूलाई कठिन युद्धहरूमा पठाइन्थ्यो । जितेर आएका युवाहरूले पनि बाँच्न पाउँदैनथे, कारागारमा राखिन्थ्यो, रक्ताम्य दमन गर्थ्यो । आदिवासी जनताको रगतको खोलामा पौडी खेल्ने फ्रान्सेली शासकहरूले 'सभ्यता र सौहार्दताको' कुरा गरेको के सुहाउँछ ? पुस्तकले प्रश्न तेर्स्याएको छ ।

सम्पूर्ण जातिमाथि शोषण र दमनको इतिहास पुस्तकभित्र छ । रुसी मजदुर किसानका प्रतिनिधि भोरभोस्की स्वीट्जरल्याण्डमा मारिए । ट्युनिसियाका मजदुर राडिया मजदुर दिवसकै दिन पुलिसबाट मारिए । सम्पूर्ण सहिदहरू जो कामदार वर्गीय आन्दोलनमा सरिक हुँदाहुँदै मारिए ती सबैका हत्यारा अन्तर्राष्ट्रिय पुँजीवाद हो, साम्राज्यवाद हो, फासीवाद हो । ती हत्याहरूले स्वतन्त्रता आन्दोलनलाई थप ऊर्जा प्रदान गरेको सत्य हो । त्यो हत्यामा जातीय विभेद थिएन । ती घटनाहरूमार्फत सारा संसारका श्रमजीवी जनताले जातीयभन्दा वर्गीय सवालमा ध्यान दिए र कामदार वर्गीय आन्दोलनका विरोधीहरूलाई आफ्नो शत्रु माने ।


औपनिवेशिक शत्रुता नै सन् १९१४ देखि १९१८ सम्मको साम्राज्यवादी युद्धको कारण थियो । फ्रान्सले यो विषयमा मनन गर्‍यो । त्यतिबेला फ्रान्सले आफ्नो सेना गुमाउँदै थियो । सन् १९२३ सम्म मोरोक्को एउटामा मात्र ८४० जना सेना मारिए । फ्रान्सका कामदार जनताले के जानिसके भने उपनिवेशवाद औपनिवेशिक देशहरूको स्वतन्त्रता लुटेर बाँचेको हो, उपनिवेशवादको आधार भन्नु नै कामदार जनतामाथिको चरम शोषण हो । विस्तारै फ्रान्सेली सरकारले गोरा सेनासँगै एसिया र अफ्रिकाका आदिवासीहरूलाई सेनाको रूपमा प्रयोग गर्‍यो । फ्रान्सको १५९ वटा सैन्य अखडामध्ये जम्मा १० वटा गोरा र अर्धआदिवासी, ३० वटा अफ्रिकी र ३९ वटा अन्य उपनिवेश देशहरूबाट थिए । फ्रान्सले आफूलाई सैन्यवादी होइन भन्थ्यो तर तत्कालीन समयमा फ्रान्सले सैन्य मामिलामा गर्ने खर्च निकै ठूलो थियो । सैन्य परिचालन व्यापक थियो । सन् १९२१ मा हिन्दचिनीमा मात्र ३५,६०००० फ्रान्क (Frances) सैन्य बजेट छुट्याइएको थियो । सोही वर्ष नागरिक शिक्षामा मुस्किलले ३५०००० पियस्ट्रिज (Piastres) र स्वास्थ्य क्षेत्रमा ६५००० पियस्ट्रिज बजेट छुट्याइएको थियो । के शान्तिप्रेमी देश र सैन्यवाद नपछ्याउने देशले शिक्षा र स्वास्थ्यमा भन्दा सैन्य क्षेत्रमा अत्यधिक बजेट खर्चन्छ ? यो प्रश्न पनि पुस्तकले उठान गरेको छ ।

'लेनिन र औपनिवेशिक जनता' शीर्षकको लेखमा लेनिनको उपनिवेशवादको विरोध सङ्घर्ष, साम्राज्यवादविरुद्धको लडाइँ उजागर भएको छ । का. हो आफै लेनिनको पथमा हिँडिरहेका नेता थिए । लेनिनको विचार अफ्रिका, एसिया र ल्याटिन अमेरिकी देशहरूमा फैलाउने क्रान्तिकारीमध्ये का. हो एक थिए । लेनिनको मृत्युको समाचारले त्यसकारण सारा अफ्रिका, एसियाली मजदुर वर्गलाई मर्माहत तुल्यायो । काला र पहेँला जातिका मानिसहरूलाई लेनिन को हो र लेनिनको देश रुस कता पर्छ थाहा थिएन । तर, उनीहरूलाई थाहा थियो लेनिन साम्राज्यवादीहरूको आँखाको धुलो हुनुहुन्थ्यो । भियतनामी जनतादेखि डोहामी जङ्गलका सिकारीहरूलाई अवगत थियो कि यो पृथ्वीको एउटा कुनामा लेनिनको देश छ जहाँ सर्वहारा श्रमजीवी जनताले विजय प्राप्त गर्‍यो । जहाँ सम्पूर्ण शोषणका व्यवस्थालाई उखेलेर फालियो जहाँ बहुमत जनताले आफ्नो शासनसत्ता स्थापित गर्‍यो । ती बहादुर रुसी जनताका नेता हुनुहुन्छ लेनिन । यी जानकारी र भावनाले अफ्रिकी र भियतनामी जनतामा लेनिन र रुसप्रतिको सम्मान र श्रद्धा अनुभव हुन्छ ।

सुरुमा अफ्रिकी र भियतनामी जनताले समाजवादी क्रान्ति सम्भव छ भन्ने पत्याएका थिएनन् । लेनिन र रुस तिनका निम्ति प्रकाशस्तम्भ सिद्ध भयो । कम्युनिस्ट पार्टी, कम्युनिस्ट अन्तर्राष्ट्रियमाथि विश्वास जाग्यो । तिनले लेनिनलाई आफ्ना 'मुक्तिदाता' का रूपमा हेर्छन् । लेनिन बित्नुभयो, अब के हुन्छ ? भन्ने प्रश्न तिनीहरूको माझमा उठ्न थाल्यो । के अब लेनिनजस्तै नेता अब हामी पाउँछौँ ? अब हाम्रो स्वतन्त्रता आन्दोलन कतातिर जान्छ ? यी सवालहरूमा लेनिनप्रतिको विश्वास र श्रद्धा भेटिन्छ । लेनिन एक गुरु, कमरेड र सल्लाहकारका रूपमा पूजिनुभयो साथै समाजवादको बाटो देखाउने चम्किलो तारा बन्नुभयो । पुस्तकमा लेखिएको छ - "लेनिन अमर हुनुहुन्छ । हाम्रा काममा लेनिन बाँचिरहनुहुनेछ ।"

**हिन्द-चीन र प्रशान्त क्षेत्र**


यसो हेर्दा हिन्द-चीन र प्रशान्त क्षेत्र युरोपेली मजदुरहरूबीच कुनै सम्बन्ध छैन तर क्रान्तिकालीन समयको गठबन्धनहरूको स्मरण गरिन जरुरी छ । पश्चिमबाट रुसमा भएको आक्रमण असफल भएपछि पुन: पूर्वबाट आक्रमण गर्ने प्रयास गरिएको थियो । भ्लाडिभोस्टोकमा संरा अमेरिकी र जापानी सैन्य टुकडीले प्रवेश पाएको थियो । त्यहीँ नै बेला फ्रान्सले हिन्द चिनी रेजिमेन्ट्सलाई गोरा जातिको समर्थन गर्न साइबेरिया पठाइएको थियो ।




अन्तर्राष्ट्रिय पुँजीवादले उपनिवेश देशहरूबाट अत्यावश्यक शक्ति प्राप्त गर्ने गर्दछ । ती देशहरूबाट उद्योगधन्दाका लागि कच्चा पदार्थ दिने, पुँजीको लगानी अवसर प्राप्त गर्ने उत्पादित वस्तुको बजार बनाउने, सस्तोमा श्रम सेना पुन: पूर्ति गर्ने काम उपनिवेशवादीहरूले गर्छन् । प्रशान्त क्षेत्र र वरपरका उपनिवेशहरू सधैँ नै साम्राज्यवादीहरूको आकर्षणको केन्द्र थियो । सो क्षेत्रका सर्वहारावर्ग सबैभन्दा बढी उपनिवेशको मारमा परेका थिए । त्यसकारण, तत्कालीन प्रशान्त क्षेत्रीय सम्पूर्ण समस्या सर्वहारावर्गसँग जोडिएको थियो ।

साम्राज्यवादी युद्धबाट क्षतविक्षत् भएको फ्रान्स पुन: निर्माण गर्न फ्रान्सले उपनिवेशहरूको द्रुत विकास गर्ने योजना अगाडि सार्‍यो । जुन योजनाले उपनिवेशवादी देशको फाइदाका निम्ति उपनिवेश देशहरूमा अत्यधिक प्राकृतिक र कच्चापदार्थ दोहनलाई निर्वाध अगाडि बढायो । यही योजनाअन्तर्गत हिन्दचीनलाई प्रशान्त क्षेत्रको उत्पादन वृद्धिमा सघाउनुपर्ने बनायो । जसले हिन्द चीनको दरिद्रता र जनसङ्ख्या निश्चितरूपमा गराउँथ्यो । योजना कार्यान्वयन भयो । त्यसपछि प्रशान्त क्षेत्रका जनता पीडा र दमनमा परे । तिनको जीवनलाई जीवन भन्न नसकिने स्थितिमा पुर्‍यायो । त्यहाँका आवादी टापुहरूमा उच्च जनसङ्ख्या ऱ्हास हुनथाल्यो । त्यसको कारण अत्यधिक रक्सीसेवन र शरीरले थेग्न नसक्ने काम थियो । फ्रान्सेली साम्राज्यवादले करिब १५०० भन्दा बढी मानिसलाई युद्धको दौरान तोप समाई अग्रपङ्क्तिमा उभिएर लड्ने जिम्मा दिइयो । कङ्गोमा ४०००० आदिवासी २० वर्षमा ३०००० को सङ्ख्यामा झर्‍यो । सन् १९०२ मा Saint pierre-etmiquelon टापुको ६५०० आदिवासी थिए भने सन् १९२२ सम्म आइपुग्दा ३९०० मा झर्‍यो ।

फ्रान्सेलीहरूको अधिकांश टापुहरूमा लुटपाट मच्चाइयो । आदिवासी जनताको जमिन, काम खोसेर आफ्ना निम्ति दास बनायो ।




आदिवासी कामदार जनतालाई कसरी सासना दिइन्थ्यो भन्ने उदाहरण पुस्तकमा प्रस्तुत छ - एक समय र मडर अफ पर्ल चालकहरूलाई आफ्ना ठाउँभन्दा ८०० माइल टाढा ओसिनियामा किसानी खेती अर्थात् रोपाइँका निम्ति पठाइयो ( एक किसानलाई खानीमा मजदुरी गर्न पठाइनुजस्तै थियो) जीवन सुरक्षाको कुनै साधनबिना अत्यन्त कष्टसाध्य काम गर्नुपर्थ्यो । तिनले २ वर्षसम्म आफ्नो सन्तान र परिवारलाई देख्नसमेत पाएनन् । तीमध्ये उद्देश्य पूरा भएपछि कतिलाई कैदी बनाइयो । धेरै अमानवीय यातना भोग्न बाध्य भए । अरू पीडा सहन नसकेर मरे ।

यस्तो अमानवीय शोषण कहिल्यै टुङ्गिने सङ्केतसमेत देखिएको थिएन । फ्रान्सेली साम्राज्यवादीहरूले ती टापुहरूलाई प्रशासकहरूको जिम्मामा छोडेदेखि अत्यन्त सुन्दर ती टापुहरू शोषणको साम्राज्य बन्यो, दमनको भूमि बन्यो । प्रशान्त क्षेत्रका उपनिवेशहरू बिस्तारै विलुप्त र मृत बन्दै गए । साम्राज्यवाद एक किसिमले पूर्णत: अब्बलता प्रदर्शन गर्दै थियो । तिनले आदिवासी सर्वहारा जनतालाई दबाउन गोरा जातिका सर्वहारा जनतालाई प्रयोग गर्थे । एउटा क्षेत्रका सर्वहारा जनतालाई अर्को क्षेत्रसँग भिडाउँथे, आँधीबेहरी र तुफान खडा गर्थे । साम्राज्यवादीहरू दमनको इतिहास कोर्न सर्वहारावर्गकै रगतको आहाल बनेको या रगतको खोला बगेको हेर्न चाहन्थे । तिनको साम्राज्यका निम्ति सर्वहारा जनताले बलिदानी दिनुपर्ने त्यो युग स्मरणमात्र गर्दा पनि पीडादायक छ । पश्चिम अफ्रिकी देश सेनेगलका जनतासँग त्यसको अत्यन्त दु:खद अनुभव छ । सेनेगाली जनतालाई फ्रान्सेली सेनाले कङ्गो, सुडान, डाहोमेइ, माडागास्करका दाजुभाइको संहार गर्न प्रयोग गरेको थियो । हिन्दचीनमा अल्जेरियालीहरूले लडेका थिए । अन्नामेली जनताले अफ्रिकाको गढमा लडाइँ गरे । त्यस्ता थुप्रै घटना छन् । ठूलो मानव संहारको अवधिमा करिब १० लाख औपनिवेशिक किसान र मजदुरलाई युरोप ल्याई गोरा किसान मजदुरको संहार गर्न लगाइएको थियो । देश-देशबीचको लडाइँमा पनि उपनिवेशका जनतालाई अग्रमोर्चामा राखिन्थ्यो । चाहे गोरा हुन् या काला सर्वहारा जनतालाई त्यो उपनिवेशकालीन युगमा स्वतन्त्र सास फेर्ने अधिकार थिएन । साम्राज्यवादको सेनामा उपनिवेशका जनतालाई अत्यधिक सङ्ख्यामा राख्न थालियो । सैन्य उपयोगिताबाट नपुगेर पुँजीवादी उपनिवेशवादी देशले आदिवासीलाई आर्थिक शोषणका निम्ति पनि उपयोग गरे । जब उपनिवेशवादीहरूले ज्याला घटाउने सूचना जारी गर्थे तब उपनिवेशकै मजदुरहरूको काम बढाइन्थ्यो । काम गर्ने समय र मजदुरको सङ्ख्या बढाइन्थ्यो । फ्रान्सकै मजदुरहरूको हड्ताल तोड्न यसो गरिन्थ्यो । पुँजीवादले एउटा उपनिवेशबाट अर्को उपनिवेशको शोषणको नीति पनि लियो । यही नै हिन्दचीन र प्रशान्त क्षेत्रको अवस्था थियो । हजारौँ हजार मजदुर युरोप लगिएको थियो ।

रक्सी र अफिमले जनतालाई सिध्याएर हुन्छ कि बर्सेनि ४० हजार स्वयम्सेवी सेना लगेर हुन्छ कि २ करोड मानिसलाई पैसा छाप्ने मेसिनमा पेलेर हुन्छ कि हदैसम्मको शोषणको अवस्था कायम थियो । उपनिवेशहरू दासताको सिक्रीबाट उठ्नै नसकिने गरी बाँधिएका थिए । हिन्दचीन र प्रशान्त क्षेत्रको मात्र त्यो अवस्था थिएन । समग्र अन्तर्राष्ट्रिय सर्वहारावर्गको नियति त्यस्तै थियो । सर्वहाराहरूको जीवन साम्राज्यवादीहरूको हातमा हुन्थ्यो । साम्राज्यवादी ज्यादतीले सर्वहारा जनता सदा त्रासको जिन्दगी जिउँथे । जापान याप टापु (Yap Island) मा पोलिग्राफ स्टेसनको आदेश दिने, संरा अमेरिका प्रशान्त क्षेत्रमा युद्धपोत ग्यारेन्टीका निम्ति लाखौँलाख डलर खर्च गर्ने, बेलायतले सिङ्गापुरलाई नौसेनाको अखडा बनाउने र फ्रान्सले प्रशान्त साम्राज्य निर्माणको आवश्यक तयारी गर्ने कार्य जारी थियो ।

वासिङ्टन सम्मेलनबाटै औपनिवेशिक द्वन्द्व अझ तिखारिएको बताइन्छ । साम्राज्यवादीहरूले आफ्नो मूर्खता प्रदर्शन गर्न थालेको थियो । राजनीतिक द्वन्द्व झन्झन् चर्कदो र उपेक्षा नै गर्न नसकिने स्थिति बन्दै थियो । भारत, अफ्रिका मोरोक्कोमा युद्ध छेडियो । तत्काल प्रशान्त क्षेत्रमा युद्ध हुने सम्भावना प्रबल थियो ।




संरा अमेरिकाको न्युयोर्क सहरमा नक्बा दिवसको दिन पारेर स्वतन्त्र प्यालेस्टिनको पक्षमा र फासीवादी इजरायलको विरोधमा प्रदर्शन गर्दै प्यालेस्टिनसमर्थक अमेरिकी जनता मे १५, २०२६ का दिन । इजरायल-प्यालेस्टिनी द्वन्द्वबिच विश्वव्यापी रूपमा १९४८ को प्यालेस्टिनीहरूको नरसंहार र बस्ती खाली गराउन व्यापक बमबारी गरिएको त्यस महाविपत्तिको दिनको करुण सम्झनामा ७८ औं नक्बा दिवस मनाइएको हो ।

*तस्बिर : आदम ग्रे/एएफपी*

# सोमालिया निर्वाचन वार्ता निष्कर्षविहीन संवाद जारी राख्न संयुक्त राष्ट्रसङ्घको आग्रह

मोगादिसु, १७ मे (सिन्ह्वा) । निर्वाचन र राजनीतिक संक्रमणसम्बन्धी प्रमुख विवाद समाधान हुन नसकेपछि तीन दिनसम्म चलेको वार्ता निष्कर्षविहीन बनेपछि संयुक्त राष्ट्रसङ्घले सोमालियाका नेताहरूलाई संवाद जारी राख्न आग्रह गरेको छ ।

संयुक्त राष्ट्रसङ्घको सोमालिया सङ्क्रमण सहायता मिसन (यूएनटीएमआईएस) ले दुवै पक्षले समाधान खोज्ने प्रतिबद्धता व्यक्त गरेकोमा स्वागत गर्दै आगामी चरणमा पनि वार्ता जारी राख्नुपर्ने बताएको छ ।

"सोमालिया संक्रमणकालीन चरणमा प्रवेश गर्दै गर्दा सङ्घीय सरकारलाई सबै सरोकारवालासँग समन्वय गर्दै व्यावहारिक र एकीकृत निर्वाचन मोडेलमा सहमति निर्माण गर्न प्राथमिकता दिन हामी आग्रह गर्छौं," यूएनटीएमआईएसले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

तीन दिनसम्म चलेको वार्ता शुक्रबार समाप्त भएको थियो, जुन राष्ट्रपति हसन शेख मोहामुदको चारवर्षे कार्यकाल औपचारिक रूपमा सकिएको समयसँगै मिलेको हो ।

मार्चमा सांसदहरूले संविधान संशोधन गर्दै राष्ट्रपति र संसद्को कार्यकाल पाँच वर्ष पुऱ्याउने निर्णय अनुमोदन गरेका थिए । तर, विपक्षी दलहरू र केही सङ्घीय सदस्य राज्यहरूले यस विस्तारलाई अस्वीकार गरेका छन् ।

यूएनटीएमआईएसले कूटनीतिक पहलमार्फत भएको पछिल्लो वार्ता पनि प्रमुख विवाद समाधान नगरी टुङ्गिएकोमा दुःख व्यक्त गरेको छ ।

मिसनले सोमालियाका नेताहरूलाई देशका गम्भीर चुनौतीहरू–मानवीय सङ्कट र असुरक्षालगायत–समाधान गर्न एकताबद्ध हुन आग्रह गरेको छ ।

यसले संयमता अपनाउन आह्वान गर्दै अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर राजनीतिक विभाजन अन्त्य गर्ने प्रयासमा सहयोग गर्न तयार रहेको पनि जनाएको छ ।

विश्लेषकहरूका अनुसार वार्ताको मुख्य विषय निर्वाचन प्रणालीमा विवाद थियो । राष्ट्रपति पक्षले प्रत्यक्ष मतदान प्रणालीको पक्ष लिएको छ भने विपक्षी पक्षले परिमार्जित परम्परागत अप्रत्यक्ष मतदान प्रणाली कायम राख्न चाहेको छ ।

विपक्षी नेता र केही क्षेत्रीय राज्यहरूले यदि अन्तिम सहमति नभएमा मे १५ पछि सरकारको वैधता स्वीकार नगर्ने चेतावनी दिएका छन् ।

# बढ्दो तापक्रम र महँगीले अस्ट्रेलियाको आवास सङ्कट गहिरिने : अध्ययन

सिडनी, १७ मे (सिन्ह्वा) । जलवायु परिवर्तनको तीव्र असरका कारण अष्ट्रेलियामा आगामी वर्षहरूमा आवास सङ्कट अत्यन्त गम्भीर बन्न सक्ने एक विस्तृत अध्ययनले देखाएको छ । अध्ययनअनुसार यदि उच्चस्तरमा प्रदूषण उत्सर्जन भइरह्यो भने सन् २०३५ सम्म घरबारविहीन हुने मानिसहरूको सङ्ख्या हालको तुलनामा चार गुणासम्म बढ्न सक्छ । यसले जलवायु परिवर्तनले केवल वातावरणमा मात्र नभई मानिसहरूको दैनिकी, बसोबास र आर्थिक अवस्थामासमेत गहिरो प्रभाव पारिरहेको स्पष्ट पारेको छ ।

अनुसन्धानकर्ताहरूले जलवायु परिवर्तनका कारण विभिन्न आर्थिक र सामाजिक दबाब बढ्दै गएको बताएका छन् । विशेषगरी प्राकृतिक विपत्ति र अत्यधिक मौसमीय घटनाहरू बढेसँगै घर तथा सम्पत्तिको बीमा खर्च अत्यधिक महँगो हुने अनुमान गरिएको छ । बीमाको लागत बढेपछि घरधनी र भाडामा बस्ने दुवै वर्ग आर्थिक दबाबमा पर्नेछन् । त्यसैगरी बाढी, डढेलो, आँधी र अत्यधिक गर्मीजस्ता घटनाले निर्माण सामग्रीको आपूर्ति प्रणालीमा अवरोध पुऱ्याउने भएकाले नयाँ घर निर्माणको लागत पनि तीव्र रूपमा बढ्ने अध्ययनले देखाएको छ ।

अध्ययनमा उच्च प्रदूषण उत्सर्जनको अवस्थामामा घर खरिद गर्न लाग्ने खर्च दोब्बर हुन सक्ने उल्लेख गरिएको छ । यसका साथै घरभाडा ४५ प्रतिशतसम्म बढ्न सक्ने प्रक्षेपण गरिएको छ, जसले न्यून तथा मध्यम आय भएका परिवारलाई सबैभन्दा बढी असर गर्नेछ । बढ्दो महँगी र आवास अभावका कारण धेरै मानिसले स्थायी बसोबास गुमाउन सक्ने खतरा रहेको अध्ययनमा उल्लेख छ ।

अध्ययनले न्यून उत्सर्जनको अवस्थामासमेत अवस्था धेरै सहज नहुने चेतावनी दिएको छ । प्रदूषण कम गर्ने प्रयास सफल भए तापनि सन् २०२० को तुलनामा घरबारविहीनता दोब्बर हुन सक्ने र भाडामा बस्नेहरूको आर्थिक क्षमता २३ प्रतिशतले घट्न सक्ने अनुमान गरिएको छ । यसले जलवायु परिवर्तनको प्रभाव दीर्घकालीन र गम्भीर रहेको सङ्केत गर्दछ ।

अनुसन्धानकर्ताहरूले करिब दुई दशकको राष्ट्रिय आवास, आम्दानी तथा जनसाङ्ख्यिकीय तथ्याङ्कको अध्ययन गरेका थिए । उहाँहरूले जलवायुजन्य सङ्कट, सरकारी नीति, आर्थिक अवस्था र आवास बजारबिचको सम्बन्ध विश्लेषण गर्दै भविष्यमा आउन सक्ने जोखिमको प्रक्षेपण गरेका हुन् । अध्ययनमा विशेषगरी गलत ढङ्गले बनाइएका आवास नीतिहरूले असमानता अझ बढाउन सक्ने चेतावनी दिइएको छ । उदाहरणका लागि बीमा शुल्क वा गृहकर्जाको ब्याजदरमा मात्र केन्द्रित नीतिहरूले आर्थिक भार भाडामा बस्नेहरूमाथि सार्न सक्ने बताइएको छ ।

अनुसन्धानकर्ताहरूका अनुसार भविष्यमा बनाइने हरेक आवास नीतिमा जलवायु परिवर्तनको सम्भावित असरलाई अनिवार्य रूपमा समावेश गर्नुपर्ने आवश्यकता छ । यदि जलवायु जोखिमलाई बेवास्ता गरियो भने आवास सङ्कट अझ गहिरिने, सामाजिक असमानता बढ्ने र ठुलो सङ्ख्यामा मानिस घरबारविहीन बन्ने खतरा रहने अध्ययनले निष्कर्ष निकालेको छ ।

## विश्व सङ्क्षेप

### चीनद्वारा अन्तरिक्ष यात्राका लागि नयाँ अभियान सुरु

जिउछ्वान, ३ जेठ (सिन्ह्वा) । चीनले नयाँ मानवसहित अन्तरिक्ष अभियानका लागि अन्तरिक्षयान प्रक्षेपणको तयारी पूरा गरेको जनाएको छ ।

शुक्रबार सार्वजनिक गरिएको जानकारीअनुसार अन्तरिक्षयान र त्यसलाई अन्तरिक्षमा लैजाने वाहक रकेटलाई उत्तरपश्चिम चीनस्थित जिउछ्वान उपग्रह प्रक्षेपण केन्द्रको प्रक्षेपण क्षेत्रमा सफलतापूर्वक स्थानान्तरण गरिएको छ ।

चिनियाँ अधिकारीहरूले प्रक्षेपणका लागि आवश्यक प्राविधिक परीक्षण, उपकरण जाँच तथा अन्तिम तयारीहरू भइरहेको बताएका छन् । मौसम अवस्था र प्राविधिक मूल्याङ्कनपछि उपयुक्त समयमा प्रक्षेपण गरिने जनाइएको छ ।

यो अभियान चीनको अन्तरिक्ष कार्यक्रमको अर्को महत्त्वपूर्ण चरण मानिएको छ । यसमार्फत अन्तरिक्ष यात्रीहरूलाई चीनको अन्तरिक्ष केन्द्रमा पठाइने अपेक्षा गरिएको छ । चीनले पछिल्ला वर्षहरूमा अन्तरिक्ष प्रविधिमा तीव्र प्रगति गर्दै आफ्नै अन्तरिक्ष केन्द्र सञ्चालन गरिरहेको छ र नियमित रूपमा मानवसहित अन्तरिक्ष अभियान सञ्चालन गर्दै आएको छ ।

जिउछ्वान प्रक्षेपण केन्द्र चीनको प्रमुख अन्तरिक्ष प्रक्षेपण स्थलमध्ये एक हो, जहाँबाट अधिकांश मानवसहित अन्तरिक्ष अभियान प्रक्षेपण गरिन्छ । अभियान सफल भएमा चीनको अन्तरिक्ष अनुसन्धान तथा दीर्घकालीन अन्तरिक्ष योजनामा थप उपलब्धि हासिल हुने विश्वास गरिएको छ ।

### यूएई र रुसका राष्ट्रपतिबिच मध्यपूर्वको अवस्थाबारे टेलिफोन वार्ता

अबुधाबी, १७ मे (सिन्ह्वा) । संयुक्त अरब इमिरेट्सका राष्ट्रपति शेख मोहम्मद बिन जायेद अल नाहयान र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनबिच मध्यपूर्व क्षेत्रमा विकसित पछिल्लो अवस्थाबारे टेलिफोन संवाद भएको छ । दुवै नेताले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा पर्न सक्ने प्रभावबारे गम्भीर छलफल गर्नुभएको बताइएको छ ।

संयुक्त अरब इमिरेट्सको सरकारी समाचार संस्थाका अनुसार दुई नेताले विशेषगरी मध्यपूर्वको परिस्थितिले समुद्री मार्गको स्वतन्त्रता, ऊर्जा सुरक्षा तथा विश्व अर्थतन्त्रमा पार्न सक्ने असरबारे विचार आदानप्रदान गर्नुभएको थियो ।

वार्ताका क्रममा दुवै देशबिचको द्विपक्षीय सहयोग तथा रणनीतिक साझेदारीलाई अझ सुदृढ बनाउने विषयमा पनि छलफल भएको जनाइएको छ । दुवै नेताले आपसी सहकार्यलाई आगामी दिनमा थप विस्तार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको समाचारमा उल्लेख छ । यसैबिच, राष्ट्रपति पुटिनले रुस र युक्रेनबिच कैदी आदानप्रदान गराउन संयुक्त अरब इमिरेट्सले गर्दै आएको मध्यस्थता प्रयासको प्रशंसा गर्नुभएको छ । उहाँले उक्त पहललाई मानवीय दृष्टिकोणबाट अत्यन्त महत्त्वपूर्ण रहेको बताउनुभएको समाचार संस्थाले जनाएको छ ।

### कङ्गोमा इबोला प्रकोप : दर्जनौँको मृत्यु, विश्व स्वास्थ्य सङ्गठनद्वारा आपत्काल घोषणा

कङ्गो, १७ मे (एएफपी) । डेमोक्रेटिक रिपब्लिक अफ कङ्गोमा फैलिएको इबोला रोगका कारण ८० भन्दा बढी मानिसको मृत्यु भएको छ । अवस्था गम्भीर बन्दै गएपछि विश्व स्वास्थ्य सङ्गठनले यसलाई अन्तर्राष्ट्रिय सार्वजनिक स्वास्थ्य आपत्काल घोषणा गरेको छ । हालसम्म ८८ जनाको मृत्यु भइसकेको र ३३६ जनामा सङ्क्रमणको शङ्का गरिएको स्वास्थ्य अधिकारीहरूले बताएका छन् । रोग तीव्र रूपमा फैलिँदै गएको भन्दै चिन्ता व्यक्त गरिएको छ ।

स्वास्थ्य मन्त्रीका अनुसार यो इबोलाका लागि हाल कुनै खोप उपलब्ध छैन । यस रोगको मृत्युदर करिब ५० प्रतिशतसम्म पुग्न सक्ने बताइएको छ ।

स्वास्थ्य सहायता संस्थाहरूले ठुलो मात्रामा सहयोग र उपचार टोली पठाउने तयारी गरिरहेका छन् । यो प्रकोप कङ्गोको इटुरी क्षेत्रमा सुरु भएको हो, जुन युगान्डा र दक्षिण सुडानसँग सीमा जोडिएको छ । प्रारम्भिक बिरामी एक स्वास्थ्यकर्मी भएको बताइएको छ । स्थानीय मानिसहरूले उपचार केन्द्र र आइसोलेसनको अभावका कारण बिरामीहरू घरमै मृत्यु भइरहेको बताएका छन्, जसले रोग अझ फैलिने खतरा बढाएको छ । विश्व स्वास्थ्य सङ्गठनले यो अवस्था अझै फैलिन सक्ने भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

# मस्को क्षेत्रमा ड्रोन आक्रमण तीन जनाको मृत्यु, दर्जनौँ घाइते

मस्को, १७ मे (एएफपी) । रुसको राजधानी मस्को वरपरको क्षेत्रमा आइतबार बिहान भएको ठुलो मात्राको ड्रोन आक्रमणमा कम्तीमा ३ जनाको दुःखद मृत्यु भएको क्षेत्रीय गभर्नर आन्द्रेई भोरोब्योभले जानकारी दिनुभएको छ । उहाँका अनुसार, एउटा आवासीय घरमा मानवरहित हवाई यान ठोक्किँदा एक महिलाको ज्यान गएको हो । साथै थप एक व्यक्ति भग्नावशेषमुनि फसेको र दुई पुरुषको पनि मृत्यु भएको पुष्टि गरिएको छ ।

उहाँले बिहान करिब ३ बजेदेखि नै वायु रक्षा प्रणालीले ठुलो मात्राको आक्रमण रोक्ने प्रयास गरिरहेको बताउनुभयो । यस घटनामा कम्तीमा ४ जना घाइते भएका छन् भने विभिन्न पूर्वाधार संरचनाहरूमा पनि क्षति पुगेको छ ।

राजधानी मस्कोमा मेयर सर्गेई सोब्यानिनका अनुसार रातभरमा कम्तीमा ७४ वटा मानवरहित हवाई यान खसालिएको वा अवरुद्ध गरिएको थियो । उहाँका अनुसार भग्नावशेष खस्दा १२ जना घाइते भएका छन् र केही स्थानमा सामान्य क्षति भएको छ । पछिल्लो २४ घण्टामा १२० वटा मानवरहित हवाई यान नष्ट गरिएको दाबी गरिएको छ । आक्रमणको जिम्मेवारीबारे आधिकारिक पुष्टि नभए पनि युक्रेनले रुसभित्र विभिन्न स्थानमा आक्रमण गर्ने क्रम बढाउँदै आएको छ, जसलाई उसले 'प्रतिशोधात्मक कारबाही' भन्ने गरेको छ ।

# महाभारतका पाँच अदृश्य नायक : त्याग, शक्ति र सङ्घर्षको महागाथा

✍ इकुश्रे

महाभारत कुरुक्षेत्रको मैदानमा लडिएको रगतको युद्ध मात्र होइन; यो त मानव मनोविज्ञान, नैतिकताको चरम द्वन्द्व र अदृश्य शक्तिहरूको महासङ्गम हो। जहाँ कृष्णको कूटनीति र अर्जुनको गाण्डीवको चर्चा सर्वत्र हुन्छ, त्यहाँ केही यस्ता पात्रहरू पनि छन् जसको मौन बलिदान र विशिष्ट भूमिकाबिना पाण्डवको विजय असम्भव प्राय: थियो। इतिहासको विशाल पुस्तकमा यी पात्रहरू थोरै पृष्ठमा मात्र समेटिएका होलान् तर यिनले चालेका कदमहरूले नै महाभारतको अन्तिम परिणामलाई सुनिश्चित गरेका थिए।

यस महागाथाका सबैभन्दा अनौठा र शक्तिशाली पात्र हुन् - बर्बरिक। भीमका नाति तथा घटोत्कचका पुत्र बर्बरिक यस्ता महायोद्धा थिए, जसको एउटै बाणमा ब्रह्माण्ड थर्कने सामर्थ्य थियो। उनले भगवान् शिवबाट तीनवटा यस्ता अमोघ बाण प्राप्त गरेका थिए, जसले १८ अक्षौहिणी सेनालाई केही मिनेटमै समाप्त पार्न सक्थे। बर्बरिकको एउटा अनौठो तर खतरनाक सिद्धान्त थियो, 'हार्ने पक्षको साथ दिने।' कुरुक्षेत्रको युद्धमा यदि उनी सामेल भएको भए, सुरुमा कमजोर देखिने कौरवको पक्षबाट उनले पाण्डवको विनाश गर्ने थिए। जब पाण्डवहरू हार्न थाल्थे र कौरव शक्तिशाली हुन्थे, फेरि उनी पाण्डवतिर लागेर कौरवको संहार गर्ने थिए। यसरी युद्धको अन्त्यमा उनीबाहेक कोही पनि जीवित रहने थिएन। यो सम्भावित सर्वनाशलाई रोक्न भगवान् कृष्णले ब्राह्मणको भेषमा दानस्वरूप बर्बरिकको शिर मागे। बर्बरिकले हाँस्दै आफ्नो शिर अर्पण गरे तर युद्ध हेर्ने इच्छा व्यक्त गरे। कृष्णले उनको शिरलाई पहाडको चुचुरोमा राखिदिए, जहाँबाट उनले सम्पूर्ण महाभारत नियाले। युद्ध सकिएपछि जब पाण्डवहरू विजयको श्रेय कसलाई दिने भनेर विवाद गरिरहेका थिए, तब बर्बरिकले सत्य ओकल्दै भने, "मैले त कुरुक्षेत्रमा न अर्जुन देखेँ, न भीम; मैले त केवल कृष्णको सुदर्शन चक्रले अधर्मीहरूको नाश गरिरहेको देखेँ।" आज तिनै बर्बरिक 'खाटु श्याम' को रूपमा पुजिन्छन्, जो नि:स्वार्थ त्याग र पूर्ण समर्पणका जीवन्त प्रतीक हुन्।

त्यस्तै, अर्को जटिल र त्रासद पात्र हुन् - अश्वत्थामा। गुरु द्रोणाचार्यका पुत्र अश्वत्थामासँग हात्तीको जस्तो बल र निधारमा जन्मजात 'चिन्तामणि' थियो, जसले उनलाई भोक, तिर्खा र रोगबाट मुक्त राख्थ्यो। तर, उनको कथा शक्तिको दुरूपयोग र विवेकहीन प्रतिशोधको एउटा दु:खद अध्याय हो। आफ्ना पितालाई मार्न 'अश्वत्थामा हतोहत:' (अश्वत्थामा मारिएकै हुन्) भन्ने अर्धसत्यको सहारा लिइएपछि उनी यसरी पागल भए कि उनले युद्धको सारा मर्यादा कुल्चिए। सुतिरहेका पाण्डव पुत्रहरूको हत्या गर्नु र अन्तिम अस्त्रको रूपमा उत्तराको गर्भमा रहेको 'परीक्षित' माथि समेत ब्रह्मास्त्र प्रहार गर्नु उनको जीवनको सबैभन्दा ठुलो अपराध थियो। यही पापका कारण कृष्णले उनको निधारबाट मणि निकालेर कलियुगको अन्त्यसम्म ( जून ४ लाख ३२ हजार वर्षको मानिन्छ) घाउ र पीपले भरिएको शरीर लिएर एक्लै भौतारिनुपर्ने श्राप दिए। अश्वत्थामाले सिकाउँछन् कि विवेकहीन शक्ति आफैँलाई भष्म गर्ने आगो हो र प्रतिशोधले मानिसलाई योद्धाबाट अपराधी बनाउँछ। उनी आज पनि यो धर्तीमा कतै न कतै आफ्नो अस्तित्वको बोझ बोकेर हिँडिरहेका छन् भन्ने पौराणिक विश्वास छ।

महाभारतको इतिहासमा अर्को पात्र एकलव्यको नाम निष्ठाको मौन गाथाको रूपमा कोरिएको छ। उनले गुरुदक्षिणाले प्राचीन कालको शिक्षा पद्धति र सामाजिक विभेदको कडा चित्रण गरेको छ। कौरव र पाण्डवका गुरु द्रोणाचार्यले जात र वंशका आधारमा धनुर्विद्याको शिक्षा दिन अस्वीकार गरेपछि उनले माटोको प्रतिमालाई नै गुरु मानेर जुन साधना गरे, त्यसले अर्जुनलाई पनि माथ दिएको थियो। जब द्रोणले आफ्नो प्रिय शिष्य अर्जुनको श्रेष्ठता जोगाउन एकलव्यको दाहिने हातको बुढी औँला 'गुरुदक्षिणा' मागे, एकलव्यले एक पल पनि नसोची आफ्नो भविष्य गुरुको पाउमा अर्पण गरे। तर, औँला काटेपछि पनि एकलव्यले हार मानेनन्। उनले चोरी औँला र माझी औँलाको सहायताले वाण चलाउने नयाँ शैली विकास गरे, जुन आजको आधुनिक धनुर्विद्या (ब्चअजभचथ) को आधार मानिन्छ। एकलव्यले प्रमाणित गरे कि दृढ सङ्कल्प भए साधन र स्रोतको अभावले सफलतालाई कहिल्यै रोक्न सक्दैन।

त्यस्तै, शिखण्डी, महाभारतको सबैभन्दा साहसी र रणनीतिक महत्त्वको पात्रको नाम हो। उनी अघिल्लो जन्मकी 'अम्बा' थिइन्, जसको अपमानको प्रतिशोध नै भीष्म पितामहको अन्त्यको कारण बन्यो। भीष्मलाई इच्छामृत्युको वरदान थियो र उनले 'नारी' माथि अस्त्र नउठाउने प्रतिज्ञा गरेका थिए। शिखण्डी, जो स्त्रीको रूपमा जन्मिएर पछि पुरुष बनेका थिए, उनलाई युद्धको १० औँ दिनमा अर्जुनको अगाडि उभ्याइयो। भीष्मले शिखण्डीमा शिखण्डी होइन, अम्बाको प्रतिरूप देखे र शस्त्र बिसाए। शिखण्डीको माध्यमबाट नै अर्जुनले भीष्मलाई बाणको शय्यामा पुऱ्याउन सफल भए। शिखण्डीको उपस्थितिले सिकाउँछ कि न्याय प्राप्तिका लागि कुनै पनि सामाजिक बाधा वा शारीरिक सीमा स्थायी हुँदैनन्। यो धैर्य र पुनर्जन्मसम्मको सङ्कल्पको गाथा हो।

अन्तमा, भीम र हिडिम्बाका पुत्र घटोत्कचको चर्चा नगरी महाभारतको बलिदान पूरा हुँदैन। आधा मानव र आधा राक्षस भएका घटोत्कच पाण्डव पक्षका त्यस्ता 'बेस्ट कार्ड' थिए, जसले युद्धको नतिजा नै उल्ट्याइदिए। कुरुक्षेत्रको चौधौँ रातको भीषण युद्धमा घटोत्कचले आफ्नो मायावी शक्तिले कौरव सेनामा यस्तो हाहाकार मच्चाए कि दुर्योधन अत्तालिए। हार निश्चित देखेपछि कर्णलाई आफ्नो 'वसवी शक्ति' (इन्द्रबाट प्राप्त अमोघ अस्त्र) प्रयोग गर्न बाध्य पारियो, जुन कर्णले अर्जुनको वधका लागि वर्षौंदेखि साँचेर राखेका थिए। घटोत्कचको मृत्यु भयो, तर उनले अर्जुनको जीवन जोगाएर पाण्डवको विजय सुनिश्चित गरे। मर्ने बेलामा पनि उनले आफ्नो शरीर यति विशाल बनाए कि ढल्दाखेरि कौरवको एक अक्षौहिणी सेना उनीमुनि थिचिएर सखाप भयो। उनी रणनीतिक बलिदानका सर्वोच्च उदाहरण हुन्। उनको उदाहरणबाट के बुझिन्छ भने कतिपय अवस्थामा व्यक्तिगत पराजयले पनि समूहको ठुलो विजयको मार्ग प्रशस्त गर्छ।

समग्रमा, महाभारतका यी पाँच पात्रहरूले के प्रमाणित गर्छन् भने जीवनमा 'को सही थियो' भन्दा पनि 'कसले कुन उद्देश्यका लागि आफ्नो क्षमता प्रयोग गऱ्यो' भन्ने कुराले इतिहासमा स्थान निर्धारण गर्छ। कृष्ण र अर्जुनका कथाहरूले हामीलाई मार्ग देखाउँछन् भने बर्बरिक, अश्वत्थामा, एकलव्य, शिखण्डी र घटोत्कचका कथाहरूले हामीलाई त्याग, विवेक, प्रतिशोधको परिणाम र सङ्घर्षको गहिराइ बुझाउँछन्। यी पात्रहरू आजको आधुनिक समाजका लागि पनि सङ्घर्ष र नैतिकताका महत्त्वपूर्ण ऐना हुन्।

# एलपी ग्यास खरिदमा अर्बौं बाहिरिएपछि विद्युतीय चुल्होमा अनुदान दिने सरकारको रणनीति

● **रमेश लम्साल**

आर्थिक वर्ष २०९२/९३ सम्म खाना पकाउने एलपी ग्यासको अनुदान खारेजी गरेर विद्युतीय चुल्होमा अनुदान उपलब्ध गराउने योजनाका साथ सरकारले ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३ सार्वजनिक गरेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले रणनीति तयार पारेर आम जनताको सुझावका लागि सार्वजनिक गरेको सो रणनीतिले खाना पकाउने एलपी ग्यासको प्रयोग क्रमश: घटाउँदै न्यून गर्ने लक्ष्य राखेको छ। विद्युतीय चुल्होमा अनुदान दिने र स्वच्छ ऊर्जाको खपत बढाउने लक्ष्यका साथ सरकारले सो रणनीति सार्वजनिक गरिएको ऊर्जा मन्त्रालयले स्पष्ट पारेको छ।

भन्सार विभागका अनुसार चालु आर्थिक वर्षको नौ महिनामा रु. ४१ अर्ब ६५ करोड बराबरको खाना पकाउने ग्यासको आयात भएको छ। सो अवधिमा कूल ४१ लाख मेट्रिक टन ग्यास आयात भएको छ। आव २०८१/८१ मा कूल रु. ६२ अर्ब ५८ करोड बराबरको ग्यास आयात भएको थियो। सो आवमा ५५ लाख मेट्रिक टन ग्यास आयात भएको थियो। यस्तै आव २०८०/८१ मा रु. ५५ अर्ब बराबरको ग्यास आयात भएको थियो।

नेपाल आयल निगमका अनुसार चालु आवमा मासिक ४८ हजार मेट्रिकटन बराबरको ग्यास आयात हुने गरेको छ। निगमको पछिल्लो विवरणलाई आधार मान्दा प्रतिसिलिण्डर ३३१ दशमलव २५ रूपैयाँ घाटा हुने गरेको छ। निगमले हाल प्रतिसिलिण्डर रु. दुई हजार १६० मा बिक्री गर्दै आएको छ।

विप्रेषणबाट भित्रिएको ठुलो रकम वर्षेनी खाना पकाउने ग्यासका लागि खर्च हुने गरेको छ। यो रकम जोगाउन र स्वदेशमा नै राख्ने उद्देश्यका ऊर्जा मन्त्रालयले ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३ तय गरेको हो। सो कार्यका लागि उद्योग मन्त्रालयलाई जिम्मेवार निकाय तय गरिएको छ। अर्थ मन्त्रालय र ऊर्जा मन्त्रालयले आवश्यक समन्वय गरेर आव २०९२/९३ सम्म पूरा गर्ने गरी समयसीमा निर्धारण गरिएको छ।

नेपाल विद्युत् प्राधिकरणले यसअघि नै खाना पकाउने विद्युतीय चुल्हो प्रयोगको अभियान अगाडि बढाएको छ। स्थानीय तहहरूले पनि यसलाई प्रभावकारी रूपमा अगाडि बढाएका छन्। जनस्वास्थ्य र मुलुकको आर्थिक स्वास्थ्यका लागि पनि विद्युतीय चुल्होको प्रयोगलाई बढावा दिन लागिएको सो रणनीतिमा उल्लेख छ।

विद्युतीय चुल्होको प्रयोग बढाउन प्राधिकरणले प्रसारण लाइनको क्षमता वृद्धि, ट्रान्सफर्मर तथा प्रसारण सञ्जालको आधुनिकीकरण गर्दै लगेको छ। त्यसका लागि ऊर्जा मन्त्रालयले नै थप विशिष्ठ कार्यक्रम अगाडि सारेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३ लाई थप वस्तुनिष्ठ र वैज्ञानिक बनाउन मातहतका निकायलाई यसअघि नै निर्देशन दिइसक्नुभएको छ।

ऊर्जा मन्त्रालयका अनुसार हालसम्म देशभरको कूल जडित क्षमता चार हजार दुई सय ९६ मेगावाट बराबर पुगेको छ। चालु आवको अन्त्यसम्म चार हजार ५०० मेगावाट बराबर विद्युत् उत्पादन पुग्नेछ। प्रतिव्यक्ति विद्युत् खपत ४५० किलोवाट बराबर पुगेको छ।

यस्तै, विद्युत् निर्यात कूल दुई हजार ९१८ गिगावाट बराबर रहेको सन्दर्भमा सरकारले आन्तरिक रूपमा बिजुली खपत बढाउनका लागि विद्युतीय चुल्होको प्रयोगमा बढावा दिन लागेको हो। पेट्रोल पम्पहरूमा चार्जिङ स्टेसन र सार्वजनिक सवारी साधनहरूसमेत विद्युतीय सवारी साधनको प्रयोगमा बढावा दिने नीति लिइएको छ। त्यसका लागि देशभर व्यापक रूपमा चार्जिङ स्टेसन निर्माण गर्ने नीति अगाडि सारिएको छ। प्राधिकरण र निजी क्षेत्रलाई समेत सक्रिय बनाउने योजना तय गरिएको छ। सो कार्यको संयोजन प्राधिकरणले गर्नेछ भने अन्य आवश्यक प्रबन्ध भौतिक पूर्वाधार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्नेछ।

निश्चित दूरीमा देशभर चार्जिङ स्टेसनको सञ्जाल विस्तार गरिएपछि विद्युतीय सवारी साधनको प्रयोगमा थप बढोत्तरी हुनेछ। सो कार्यका लागि आव २०८५/८६ सम्म पूरा गर्ने समयसीमा तय गरिएको छ।

चार्जिङ स्टेसनको विस्तारका साथ साथै प्रमुख सहरहरूमा विद्युतीय बस सञ्चालन गरिनेछ। ट्रली बस सञ्चालन गरी आन्तरिक रूपमा बिजुली खपत क्षमता वृद्धि हुनेछ। कोइला बोयलरलाई पनि विद्युतीय बोयलर र भट्टीले प्रतिस्थापन गर्ने नीति अख्तियारी लिइएको छ। कृषि क्षेत्रलाई आधुनिक बनाउनका लागि विद्युत् महसुलमा छुट दिने र शतप्रतिशत विद्युतीय सिँचाइ पम्पमा परिणत गर्ने ऊर्जा मन्त्रालयको योजना छ। यसबाट डिजेलको खपत कम हुँदै जाने र आन्तरिक बिजुलीको खपत बढ्नेछ। ***रासस***


## कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८३/०२/०४**

यस पृथक् बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलअनुसारको व्यापारिक कर्जा शीर्षकअन्तर्गत कर्जा उपभोग गर्नुहुने शेयर सदस्य तपाई श्री निरजन बासुकला उक्त कर्जाको तिर्नुपर्ने साँवा, ब्याज, विलम्ब शुल्क र अन्य दस्तुरसमेतको रकम कर्जा भुक्तानी तालिकाबमोजिम भुक्तानी नगरी कर्जा लिने समयमा यस संस्थासँग भएको सम्झौता सर्तनामा र बन्देजहरूको उल्लङ्घन गर्नुभएको तथा यस संस्थाको तर्फबाट भाका नाघेको कर्जाको नियमित रूपमा भुक्तानी गर्न गराउन बारम्बार मौखिक, टेलिफोन तथा लिखित रूपमा तरताकेता गर्दासमेत यहाँले तिर्नुपर्ने सावाँ, ब्याज, विलम्ब शुल्क र अन्य दस्तुर भुक्तानी गर्न नआई कुनै चासो नदेखाई आलटाल गर्नुभएको र आफूले बुझाउन पर्ने रकम नबुझाउनुभएको हुँदा ऋण असुलीसम्बन्धी कानुनी कारबाही अगाडि बढाउनका लागि प्रथमपटक यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र संस्थामा सम्पर्क राखी तपाईंले बुझाउनुपर्ने सम्पूर्ण ऋणको सावाँ, ब्याज, विलम्ब शुल्क र अन्य दस्तुर बुझाउनु होला। अन्यथा प्रचलित ऐन, कानुन, सहकारी ऐन २०७४ एवं वाग्मती प्रदेश सहकारी नियमावली, २०७५ र यस संस्थाको विनियम र कर्जा नीतिबमोजिम संस्थाको लेना रकम असुल उपर गरिनुका साथै ऋणीलाई कालोसूचीमा राखिने व्यहोरासमेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

**तपसिल**

**ऋणीको नाम/थर/ठेगाना**

**नाम** : निरजन बासुकला
**नागरिकता नं.** : १३३११, **जारी मिति:** २०६०-०५-१२
**सदस्यता नं.** : ००११
**बुबा** : कुमार बासुकला
**बाजे** : गणेशबहादुर बासुकला
**ठेगाना** : ब्यासी-१०, भक्तपुर (हाल वडा नं. २)



**पृथक् बचत तथा ऋण सहकारी संस्था लि.**
गपली-०४, भक्तपुर, फोन नं ०१-६६१२२४६



दर्ता नं.: ४७/०५५/५६ पान नं.: ३०१३७५१३९

"आपसी सहयोग, सद्भाव र सामूहिक हितका लागि सहकारी"

**सामूहिक बचत तथा ऋण सहकारी संस्था लि.**
सामूहिक बचत तथा मुया मद्‌वकी संघ लि.
Samuhik Saving & Credit Co-op. Society Ltd.
बोलाछें, भक्तपुर न.पा.-३, भक्तपुर। फोन नं.: ०१-६६१३५१२, ६६१११२४

## भाखा नाघेको ऋणको सावाँ, ब्याज तथा अन्य वक्यौता बुझाउनेबारे १५ दिने सूचना

**प्रकाशित मिति २०८३/०२/०४**

उपरोक्त सम्बन्धमा तपसिलमा उल्लेखित ऋणी सदस्यले यस संस्थाबाट ऋण लिँदा यस संस्थालाई लेखिदिएको तमसुक, सर्त सम्झौताबमोजिम संस्थालाई तिर्नुपर्ने ऋणको सावाँ, ब्याज तथा हर्जाना रकम तिर्न बुझाउन पटकपटक लिखित तथा मौखिक रूपमा तरताकेता गर्दासमेत बेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनुपर्ने ऋणको सावाँ, ब्याज तथा हर्जाना र अन्य बक्यौता रकमसमेत हालसम्म चुक्ता नगरेकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र बुझाउनका लागि सम्बन्धित ऋणी, धनजमानी एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। उक्त मितिभित्र बक्यौता रहेको सम्पूर्ण रकम नबुझाएमा ऋणीले संस्थालाई लेखिदिएको सर्तबमोजिम १६ औं दिनको दिन सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को दफा ३०, दफा ३२, दफा ३५ अनुसार निजको सम्पत्ति लिलाम बिक्री गरी संस्थाको लेना सावाँ, ब्याज तथा हर्जना र अन्य बक्यौता रकम असुलउपर गरिने व्यहोरासमेत यसै सूचनाबाट जानकारी गराइन्छ। लिलामीसम्बन्धी विस्तृत विवरण संस्थाको सूचना पाटीमा टाँस गरिएको छ।

| क्र.सं. | ऋणी सदस्यको तीनपुस्ते विवरण | ऋणी सदस्यको फोटो | जमानी कर्ताको तीनपुस्ते विवरण | जमानी कर्ताको फोटो |
|---|---|---|---|---|
| १. | **ऋणीको नाम थर** : न्हुछेमाया धौबन्जार<br>**ना.प्र नं** : ४४८८<br>**जारी जिल्ला** : भक्तपुर<br>**जारी मिति** : २०५१/१०/१२<br>**सदस्यता नं** : ४६९०<br>**ससुराको नाम** : गणेशबहादुर सुवाल<br>**श्रीमान्‌को नाम** : रामसुन्दर सुवाल<br>**बुबाको नाम** : बाबुकाजी धौबन्जार<br>**बाजेको नाम** : दुर्गादास धौबन्जार<br>**स्थायी ठेगाना:** भक्तपुर न.पा.वडा नं.१<br>हाल सु.न.पा.६ सूर्यविनायक तीनधारा<br>**जग्गाको विवरण** :<br>**जिल्ला** : भक्तपुर गा.वि.स : सिपाडोल<br>**वडा नं.** : १<br>**सीट नं.** : १(ख)<br>**कित्ता नं.**:२६६७<br>**क्षेत्रफल** :०-२-२-०<br>**हालसम्मको तिर्न बुझाउन बाँकी रकम** :<br>८७,३८,५५०।४८ |  | **जमानीको नाम थर:** रामसुन्दर सुवाल<br>**ना.प्र नं** : १८१७<br>**जारी जिल्ला:** भक्तपुर<br>**जारी मिति** : २०५०/११/२९<br>**सदस्यता नं** : ४६८९<br>**बुबाको नाम** : गणेशबहादुर सुवाल<br>**बाजेको नाम** : गणेश सुवाल<br>**स्थायी ठेगाना:** भक्तपुर न.पा.वडा नं. १<br>हाल सु.न.पा.६, सूर्यविनायक तीनधारा |  |

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – १७

**प्रहरी बृत थानकोटका प्रहरी बरीष्ठ नायव निरीक्षक ओमकार चन्द**

भदौ २३ गते जियनजेड पुस्ताले गरेको आन्दोलनमा काठमाडौँको माइतीघर मण्डलामा बिहानैदेखि प्रदर्शन सुरु गरे । उक्त प्रर्दशन एभरेस्ट होटल नजिकै रहेको प्रहरी ब्यारिकेटसमेत तोडी केही उच्छृङ्खल व्यक्तिले संसद् भवनको पर्खाल भत्काई मेन गेटमाथि चढी संसद् भवनभित्र प्रवेश गर्दा प्रहरीले गोलीसमेत चलाउनुपरेको लगायतका घटनाक्रम रेडियो सेटबाट थाहा पाउँदा मसमेतको प्रहरी टोली आफ्नो कार्यालयमा हाई अलर्टका साथ डिउटीमा खटिएको थिए ।

भदौ २४ गते बिहानैदेखि म सुरक्षामा अटिएको थिएँ । बिहान १० बजेदेखि नै प्रहरी वृत थानकोटको कार्यालय अगाडिको मूख्य सडकखण्डमा मेन गेट अगाडि करिब २ हजारदेखि २५०० सम्म विभिन्न उमेर समूहका मिश्रित प्रदर्शनकारी भेला भई चोक चोकमा टायर बाली प्रदर्शन गरिरहेको बेला आफू कार्यरत कार्यालयमा नै थिएँ ।

काठमाडौँका धेरै स्थानमा रहेका प्रहरी युनिटमा आगजनी गरी कार्यालयका हातहतियार लुटेको, प्रहरी कर्मचारीहरूलाई समेत मारेको भन्ने रेडियो सेटमा जानकारी आएको र सो समयसम्म कार्यालयबाहिरबाटै ढुङ्गामुढा प्रहार भइरहेको, उच्छृङ्खल व्यक्तिले हात हातमा रड, खुकुरी, डण्डा लिई प्रहरी कार्यालयमा समेत आगजनी गर्नुपर्छ भन्दै कार्यालयको गेट अगाडि आगोबाली प्रहरी कार्यालय परिसर बाहिरका विभिन्न सामान आगो लगाई प्रदर्शन गरेको रेडियो सेटमा समेत सकेसम्म आफ्नो कार्यालय बचाउने कन्टेन गर्ने बल प्रयोग नगर्ने, सम्झाई बुझाई गर्ने, गोली नचलाउने, थुनुवाको लिस्ट तयार पारी छोडी दिने, गोली गट्ठा, सञ्चार सेट र हतियार बचाउने, प्रहरी कर्मचारी आफू सुरक्षित हुने भन्ने आदेशानुसार प्रहरी वृत थानकोटको वरिपरीबाट करिब ६ हजार मानिसको भीड मेन गेट तोडफोड तथा आगजनी गरी कार्यालयको हिरासतमा रहेका थुनुवालाई खोली छोडी कार्यालयको परिसर तोडफोड र लुटपाट गर्न थालेपछि प्रहरी वृत थानकोटको थुनुवा बोक्ने वानटन गाडीमा प्रहरी हातहतियार, गोली गट्ठा र सञ्चार साधन राखी प्रहरी कर्मचारीसमेत सोही गाडीमा बसी कार्यालयको नजिकै रहेको सेनाको ब्यारेकमा जाँदै गर्दा भीडमा रहेका केही व्यक्तिले प्रहरीको चार पाङ्ग्रे गाडीमा र प्रहरी कर्मचारीलाई ढुङ्गामुढा गर्दा गाडीमा क्षति भएको र प्रहरी कर्मचारीलाई समेत सामान्य चोटपटक लागि घाइते भएको थियो ।

**सङ्घीय संसद् सुरक्षा वेश नयाँ बानेश्वरमा कार्यरत प्रहरी वरिष्ठ नायव निरीक्षक राजकुमार केसी**

भदौ २३ गते जेनजी पुस्ताले गर्न लागेको प्रदर्शन माइतीघर मण्डलामा भन्ने जानकारी थियो । बिहान ११:३० बजेको समयमा संसद् भवनको १ नं. गेटमा पुग्दा भवन बाहिर सडकमा करिब ४/५ हजारको भीड देखेको हुँ । सोही क्रममा भीडले प्रहरी लक्षित ढुङ्गामुढा, गुलेली प्रहार गर्दै संसद् भवनको पर्खालमा समेत तोडफोड गरिहेका थिए । प्रदर्शनकारीको ढुङ्गा प्रहारबाट मेरा आँखामा चोट लागेको, उपचारको क्रममा चेकजाँच गर्दा आँखाको अप्रेशन नै गर्नुपर्ने, सो स्थानमा उपचार हुन नसकी तिलगङ्गा अस्पताल जानु भनेकोले म ५ बजेपछि कार्यालय फर्केको हुँ । अस्पतालमै रहँदा गोली चलेको आवाज सुनेको थिएँ ।

आन्दोलनको क्रममा २३ गते केही प्रदर्शनकारीहरूको मृत्यु भएको र २४ गते प्रहरी कर्मचारीहरूसमेतको मृत्यु भएको साथै प्रदर्शनकारीहरूले संसद् भवन, सिंहदरबार, सितल निवासलगायत सरकारी कार्यालयहरू समेत जलाएको भनी सुनी थाहा पाएको हुँ । मेरो आँखा हालसम्म ठिक भएको छैन, म डाक्टरको नियमित फलोअपमा रहेको छु । प्रदर्शनकारीहरूले सङ्घीय सांसद सुरक्षा वेश नयाँ बानेश्वरस्थित सम्पूर्ण ब्यारेक जलाई हामी सम्पूर्ण प्रहरी कर्मचारीहरूको व्यक्तिगत सरसामान, पोशाक, सवारी साधनहरू जलाई नष्ट गरेका हुन् ।

# लेबनान–इजरायलबिच युद्धविराम अवधि थप, संयुक्त राष्ट्रसङ्घ महासचिवद्वारा स्वागत

संयुक्त राष्ट्रसङ्घ, १७ मे (सिन्ह्वा) । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले लेबनान र इजरायलबिच जारी युद्धविरामको अवधि ४५ दिनका लागि थप गरिएको निर्णयप्रति स्वागत व्यक्त गर्नुभएको छ । उहाँले यस कदमले सीमावर्ती क्षेत्रमा शान्ति कायम राख्न तथा प्रभावित नागरिकहरूको दुःख कम गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभएको छ ।



संयुक्त राष्ट्रसङ्घको प्रेस कार्यालयद्वारा जारी वक्तव्यअनुसार महासचिव गुटेरेसले द्वन्द्व अन्त्यका लागि भइरहेका सम्पूर्ण प्रयासप्रति समर्थन जनाउँदै लेबनान र इजरायलबिचको सीमावर्ती क्षेत्रमा बसोबास गर्ने समुदायको सुरक्षा र मानवीय सहायतामा विशेष ध्यान दिन आग्रह गर्नुभएको छ । उक्त सीमारेखा संयुक्त राष्ट्रसङ्घले सन् २००० मा निर्धारण गरेको हो ।

उहाँले सम्बन्धित सबै पक्षलाई युद्धविरामको पूर्ण सम्मान गर्न, थप आक्रमण नगर्न तथा अन्तर्राष्ट्रिय कानुन र मानवीय सिद्धान्तहरूको पालना गर्न आग्रह गर्नुभएको छ । साथै, क्षेत्रीय शान्ति, स्थायित्व र आपसी समझदारी कायम राख्न संयमता तथा संवादको आवश्यकता औँल्याउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घले सुरक्षा परिषद्को प्रस्ताव नम्बर १७०१ पूर्ण रूपमा कार्यान्वयन गर्न भइरहेका कूटनीतिक प्रयासलाई निरन्तर समर्थन गर्ने जनाएको छ । उक्त प्रस्ताव सन् २००६ मा लेबनानी समूह हिज्बुल्लाह र इजरायलबिच भएको युद्ध अन्त्य गर्नका लागि ल्याइएको थियो ।

युद्धविराम अवधि थप गरिनुले सीमावर्ती क्षेत्रमा केही राहत र स्थिरता आउने अपेक्षा गरिएको भए पनि अवस्था अझै संवेदनशील रहेकाले निरन्तर संवाद, सहकार्य र शान्तिपूर्ण पहल आवश्यक रहेको अन्तर्राष्ट्रिय समुदायले जनाएको छ ।

# नेमकिपा स्थापनाकालदेखि शोषणविरुद्ध सङ्घर्षरत

वीरेन्द्रनगर, ३ जेठ । विविध विधाका साहित्यकार एवम् संस्कृतिकर्मीहरूको भेला तथा साहित्य गोष्ठी र सांस्कृतिक कार्यक्रम शनिबार वीरेन्द्रनगरमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्काले कम्युनिस्ट नामका पुँजीवादी दलहरू नामले मात्र कम्युनिस्ट भएको तर व्यवहार पुँजीवादी दलहरू भएकाले देश र जनताको समस्याभन्दा व्यक्तिगत फाइदामा लागेकाले जनतामाझ नाङ्गिँदै गएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सल्लाहकार सदस्य नर्मा गुरुङले पुँजीपतिहरूले कामदारवर्गलाई शोषण गरेर आफू धनी बन्ने र गरिबलाई दबाइरहने गरेको स्मरण गर्दै नेपाल मजदुर किसान पार्टीले आफ्नो स्थापनाकालदेखि नै पुँजीपतीवर्गले गरेको शोषणको विरुद्ध निरन्तर लडिरहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोराले साहित्यले जनताको मनको भावना बोल्ने भएकोले साहित्य पनि वर्गीय हुन्छ भन्नुभयो । उहाँले प्रतिक्रियावादी साहित्यले छाडा र समाजमा विकृति फैलाउने भएकाले हाम्रा साहित्यकारहरूले जनताका समस्याका बारेमा लेख्नुपर्ने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेशका सदस्य धनेन्द्र विकले सिद्धान्तहीन एकताले समाज परिवर्तन गर्न नसक्ने भएकोले पुँजीवादी विचारका दलहरूसँग नेमकिपाले मोर्चाबन्दी गर्दैन बरु निरन्तर समाजवादी गणतन्त्रको प्रचार गरिरहने बताउँदै समाज परिवर्तनमा कला साहित्यले महत्त्वपूर्ण भूमिका खेल्छ भन्नुभयो ।

कार्यक्रममा प्रगतिशील लेखक सङ्घका केन्द्रीय सल्लाहकार सदस्य डा. दीपक गौतम, प्रगतिशील लेखक सङ्घ कर्णाली प्रदेश समिति सचिव हरिलाल महत्तरा, साहित्यकार टीकाप्रसाद पोखरेल, नेमकिपा वीरेन्द्रनगर नगर समिति अध्यक्ष शेरबहादुर शाही, गणेश खड्का, मनबहादुर विक, इन्द्रप्रसाद न्यौपाने, जागेश्वर नेपाललगायतले साहित्य वाचनसहित साहित्यसम्बन्धी बोल्नुभएको थियो ।

कार्यक्रममा ऐनबहादुर शाही, पर्व कार्की, अविसरा विक, जानकी विक, जानकी सुनार, रणबहादुर राना, खेमराज कडेल, छत्रिका विक, रमा गिरीलगायतले गीत, कविता, गजल वाचन गर्नुका साथै नृत्य प्रस्तुत गर्नुभएको थियो ।

युवा विद्यार्थीको आयोजनामा भएको कार्यक्रम नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ सुर्खेतका सचिव सर्मिला विकको अध्यक्षतामा सम्पन्न भएको थियो । भेलाले टीकाप्रसाद पोखरेलको अध्यक्षतामा ११ सदस्यीय कर्णाली कला साहित्य समाज गठन गरेको छ ।

**हार्दिक समवेदना**



जन्म : १९९२/०२/०१
निधन : २०८३/०२/०१

यस पूचःका कोषाध्यक्ष न्हुछेभक्त कोजूकी ममतामयी माता **मैयाँ कोजू**को दुःखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**ब्यासी पासा पुचः**
भक्तपुर न.पा.-२, ब्यासी

**हार्दिक समवेदना**



जन्म १९९२/०२/०१
स्वर्गारोहण २०८३/०२/०१

नेमकिपा २ वडा समितिका साधारण सदस्य न्हुछेभक्त कोजू, मैयाकेशरी कोजू तथा २ वडा ने.क्रा.म. सङ्घका पूर्व अध्यक्ष सूर्यलक्ष्मी कोजूकी ममतामयी सासूआमा **मैयाँ कोजू**को दुःखद निधन भएकोमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**नेमकिपा २ वडा समिति**

**हार्दिक समवेदना**



जन्म १९८८/१०/१६
स्वर्गारोहण २०८३/०१/२६

यस समितिका सल्लाहकार ज्ञानसागर प्रजापतिका पूजनीय पिता **न्हुछेराम प्रजापति**को दुःखद निधन भएको **दसौं** दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**ब्रह्मायणी पीठ विकास समिति**
भक्तपुर न.पा.-९

**हार्दिक समवेदना**



जन्म १९८८/१०/१६
स्वर्गारोहण २०८३/०१/२६

यस गःमहाद्यो (शरणेश्वर) भजन खलःका अध्यक्ष बुद्धिसागर प्रजापतिका पूज्य पिता **न्हुछेराम प्रजापति**को दुःखद निधन भएको **दसौं** दिनको पुण्यतिथिको अवसरमा दिवङ्गत आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हामी आत्मीय समवेदना व्यक्त गर्दछौं ।

**गःमहाद्यो (शरणेश्वर) भजन खलः**
लिबाली, वडा नं.८, भक्तपुर

सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।

हिमाल हाम्रो पहिचान र गौरवको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

**हार्दिक समवेदना**



जन्म १९९२/०२/०१
स्वर्गारोहण २०८३/०२/०१

यस समूहका सदस्य न्हुछेभक्त कोजूकी ममतामयी माता **मैयाँ कोजू**को दुःखद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**युवा बचत समूह, सानो ब्यासी**
भक्तपुर न.पा.-२

**हार्दिक समवेदना**



जन्म १९९३/०७/०१
स्वर्गारोहण २०८३/०२/०२

यस संस्थाका सञ्चालक सदस्य नारायणभक्त भेलेका पूजनीय पिता तथा संस्थाका सदस्यता नं. २२४७ का सदस्य **कृष्णभक्त भेले** को असामयिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
खःलाँ, भक्तपुर-४

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा